२०६७, जेठ - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १९, अङ्क ४ | २०६७, जेठ १६ – ३१ | पूर्णाङ्क ४३०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (बिक्री)

फ्याक्स: ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरु**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु.श्री कृष्णवहादुर गुरुङ
ना.सु.श्री सम्झना सिम्खडा पुडासैनी
डि. श्री सरस्वती खड्का
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ

**२०६७ जेठ १६ देखि ३१ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | ६ |
| इजलास नं. १ | २१ |
| इजलास नं. २ | ५२ |
| इजलास नं. ३ | १० |
| इजलास न.. ४ | ७ |
| इजलास नं. ५ | २ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | १२ |
| इजलास नं ८ | ५ |
| इजलास नं ९ | ५ |
| इजलास नं. १० | १६ |
| एकल इजलास | ३ |
| **जम्मा** | **१४८** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

## २०६७ साल जेठ १६ देखि ३१ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| qm =;+ | laifout d'2f | | nut | | | km5\of }{6 ;+Vof | af+sL |
|---|---|---|---|---|---|---|---|
| | | | lhDd]jf/L ;/]sf] | o; jif{ k/]sf] | hDdf | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५२ | १०५९ | ४७११ | १७१६ | २९९५ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ७२५ | ३०९३ | १०२५ | २०६८ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | २४ | ९१ | ६९ | २२ |
| 4= | | फौजदारी पूर्ण इजलास | ३६ | १० | ४६ | ४१ | ५ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ६५ | ६८ | ५९ | ९ |
| 6= | | साधारण रिट | २६०१ | १२२६ | ३८२७ | १३०९ | २५१८ |
| 7= | | पूर्ण रिट | १० | १२ | २२ | ९ | १३ |
| 8= | | विशेष रिट | ६४ | ५४ | ११८ | ७१ | ४७ |
| 9= | साधक | साधक | ८७ | ८४ | १७१ | ८७ | ८४ |
| 10= | दोहोर्याई पाऊँ | दोहोऱ्याई पाऊँ देवानी | १०९४ | ८५३ | १९४७ | १२२९ | ७१८ |
| 11= | | दोहोऱ्याई पाऊँ फौजदारी | ३६४ | ३१७ | ६८१ | ४३३ | २४८ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ३२७ | ४३५ | ७६२ | २२६ | ५३६ |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | ५७ | १६२ | ४३ | ११९ |
| 14= | विविध | विविध | ७२ | २१ | ९३ | ३१ | ६२ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | ३१७ | ३२७ | २०९ | ११८ |
| 16= | | प्रतिवेदन | १४ | १६५ | १७९ | १०९ | ७० |
| | | जम्मा | १०८७४ | ५४२४ | १६२९८ | ६६६६ | ९६३२ |

## २०६७ साल जेठ १६ देखि ३१ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | १४ | (ङ) आदेश संख्या | ३१० |
| (ख) पेशी चढेका मुद्दा संख्या | १९८० | (च) फछ्र्योट संख्या | ३३६ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ६११ | (छ) हेर्न नभ्याएका | ५८७ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ११७ | (ज) नि.सु. संख्या | १९ |

### समूहकृत (अभियान) मुद्दाहरूको २०६७ जेठ ३१ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहेर्दै | नि.सु. | मेलमिलापमा गएको | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६३ | १९४ | | १९४ | १३६ | ५ | | १६९ |
| देवानी | ११८४ | ९७१ | ९ | ९८० | १ | ८ | ४१ | २०४ |
| रिट/वाणिज्य | ३३६ | २९७ | ८ | ३०५ | | २ | | ३१ |

---

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६७, जेठ - २, पूर्णाङ्क ४३०, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलब्ध छन्**

ठेगाना

**www.supremecourt .gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

ठेगाना

**www.lawcommission .gov.np**

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र. सं | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१** |
| 1: | उत्प्रेषण | ल्यानकाउ नेपाल वि. मन्त्रिपरिषद्को कार्यालय समेत | |
| 2: | उत्प्रेषण | विष्णुप्रसाद वास्तोला वि.कानून तथा संविधानसभा व्यवस्था मन्त्रालय समेत | |
| **पूर्ण इजलास** | | | **१-२** |
| 3: | उत्प्रेषण | चन्द्रकान्त ज्ञवाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| **संयुक्त इजलास** | | | **२-३** |
| 4: | लिखत दर्ता बदर | माया रुवाली वि.कृष्णप्रसाद रुवाली समेत | |
| 5: | अंगभंग | नेपाल सरकार वि. तौकिर मन्सुर समेत | |
| 6: | गुठी कायम | डा.कामेश्वरप्रसाद सिंह वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत | |
| 7: | कर्तव्य ज्यान | नेपाल सरकार वि.डविन गुरुङ | |
| 8: | उत्प्रेषण | तीलविक्रम राउत कुर्मी वि. रामएकवाल प्रसाद जयसवार समेत | |
| 9: | अदालतको अपहेलना | वोधबहादुर राउत क्षेत्री वि.नेपाल बार एशोसिएशन केन्द्रीय कार्यालय समेत | |
| **इजलास नं. १** | | | **४-७** |
| 10: | दर्ता बदर | जवरमान नेम्बाङ समेत वि.मानहाङ लिम्बू समेत | |
| 11: | हक सफा | गोबिन्दप्रसाद भुनभुनवाला समेत वि.लता भुनभुनवाला समेत अशोककुमार भुनभुनवाला वि. लता भुनभुनवाला समेत | |
| 12: | मिलापत्र | बिनोदप्रसाद सिँह समेत वि.बिश्वनाथ सिँह राजपुत | |
| 13: | दर्ता बदर दर्ता | जगन्नाथ दास वैष्णव वि. गुठी संस्थान शाखा कार्यालय महोत्तरी | |
| 14: | उत्प्रेषण समेत | स्यानु सिँह वि. जिल्ला शिक्षा कार्यालय कालिकोट समेत | |
| 15: | लेनदेन जालसाजी | मोस्तकिम कवारी वि.सरिफी खातुन | |
| 16: | अंश दर्ता | तजो खातुन समेत वि. मोस्तकिम कवारी | |
| 17: | निर्णय दर्ता बदर | मुक्तिनाथ लम्साल वि. मन्त्रिपरिषद् सचिवालय समेत | |
| 18: | उत्प्रेषण समेत | भिखन महतो कोइरी वि. सीताराम साह तुरहा समेत | |
| 19: | फैसला बदर अंश | डिल्लीराम भण्डारी वि. ज्योतिलाल भण्डारी समेत | |
| 20: | घर भत्काई पाऊँ | टेकनारायण चौधरी वि.विजयालक्ष्मी हमाल | |
| 21: | दर्ता बदर हक कायम | रणबहादुर खत्री वि. रुद्रबहादुर बिष्ट समेत | |
| **इजलास नं. २** | | | **७-१६** |
| 22: | कर्तव्य ज्यान | नेपाल सरकार वि. वहुरा मुखिया विन समेत रामअधीन मुखिया वि.नेपाल सरकार नेपाल सरकार वि.रामएकवाल मुखिया | |
| 23: | उत्प्रेषण परमादेश समेत | अर्जुनप्रसाद अधिकारी समेत वि. शिक्षक सेवा आयोग समेत | |
| 24: | उत्प्रेषण | सतानन्द रिजाल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत | |

| | | |
|---|---|---|
| 25: | उत्प्रेषण | अर्जुनप्रसाद नेपाल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत |
| 26: | छूट जग्गा नामसारी | रामपरीदेवी तेलिन समेत वि. मालपोत कार्यालय सिरहा |
| 27: | सवारी अंगभंग | नेपाल सरकार वि.प्रकाश आचार्य |
| 28: | लेनदेन | विष्णुदेवी लामिछाने वि. सावीभरी अहिरनी |
| 29: | लेनदेन | सुखन लोध वि.प्रल्हाद लोध |
| 30: | उत्प्रेषण | तारादेवी बस्नेत वि. अलैंची बस्नेत समेत |
| 31: | उत्प्रेषण परमादेश | लोचनबाबु बुढाथोकी वि. जनकपुर चुरोट कारखाना के.का. समेत |
| 32: | जबरजस्ती चोरी | चित्रबहादुर तामाङ वि.नेपाल सरकार |
| 33: | उत्प्रेषणयुक्त परमादेश | प्याथ साइन्स इन्टरनेशनल फर्म वि. नेपाल रेडक्रस सोसाइटी के.का. समेत |
| 34: | उत्प्रेषण | याक एण्ड यति होटल लि. वि.प्रेमा सिँह समेत |
| 35: | उत्प्रेषण परमादेश | बद्रीराज भण्डारी वि. नेपाल बैंक लि. प्रधान कार्यालय समेत |
| 36: | उत्प्रेषण परमादेश | नारायणप्रसाद दाहाल वि. शिक्षक सेवा आयोग समेत |
| 37: | उत्प्रेषण समेत | हिमालयन बैंक लि. वि. भूमिसुधार तथा व्यवस्था विभाग समेत |
| 38: | उत्प्रेषण समेत | अम्बिकादेवी श्रेष्ठ वि. कुन्तीदेवी राणा समेत |
| 39: | आयकर | एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. वि.आन्तरिक राजस्व कार्यालय काठमाडौं समेत |
| 40: | उत्प्रेषण समेत | यादव किराना पसल एण्ड मट्टितेल विक्री केन्द्र सप्तरी वि. अख्तियार दुरुपयोग अनुसन्धान अयोग समेत |
| 41: | उत्प्रेषण परमादेश समेत | मौजेलाल राउत भेडिहर वि. रामाकान्त राउत समेत |

| | | |
|---|---|---|
| 42: | उत्प्रेषण | कृष्णबहादुर डंगोल वि. भूमिसुधार कार्यालय काठमाडौं समेत |
| 43: | अंश | बाबुनन्दन तेली समेत वि. रामसुरानी तेली |
| 44: | उत्प्रेषण | न्हुच्छे महर्जन समेत वि. भूमिसुधार कार्यालय काठमाडौं समेत |
| 45: | अदालतको अपहेलना | सुन्तली महत समेत वि. वालाजु कपडा उद्योग लिमिटेड समेत |
| 46: | कर्तव्य ज्यान | चम्पादेवी राजवंशी वि. नेपाल सरकार |
| 47: | उत्प्रेषण समेत | ध्रुवप्रसाद वाग्ले समेत वि. नेपाल राष्ट्र बैंक के.का. समेत |
| 48: | अंश चलन | सन्तोषकुमार साह वि. मोति साह भन्ने सोनेलाल साह समेत |
| 49: | उत्प्रेषण | वैरिया शिव मठ पर्सा वि. गुठी संस्थान के.का. समेत |
| 50: | बन्दी प्रत्यक्षीकरण | आशिष अग्रवाल (दिनोडिया) को हकमा सुनिता अग्रवाल (दिनोडिया) वि.प्रहरी प्रधान कार्यालय समेत |
| 51: | उत्प्रेषण परमादेश | अशोक साह वि. कृषि तथा सहकारी मन्त्रालय समेत |
| 52: | अदालतको अपहेलना | मधुबहादुर रायमाझी वि. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.समेत |
| 53: | परमादेश | स्वास्थ्य सेवा विभाग वि.मञ्जू बास्तोला |
| 54: | निषेधाज्ञा | गोपाल मानन्धर वि. अम्बिका मानन्धर |
| 55: | उत्प्रेषण परमादेश | राजलाल यादव वि. जिल्ला शिक्षा समिति सिराहा समेत |
| 56: | परमादेश | रामबहादुर सार्की वि. मन्त्रिपरिषद्को कार्यालय समेत |
| 57: | शेयर विवाद | मोनाल रिसोर्ट प्रा.लि. कास्की वि. मोनाल रिसोर्ट प्रा.लि. समेत |
| **इजलास नं. ३** | | **१६–१७** |
| 58: | उत्प्रेषण परमादेश | सर्भिङ माइण्डस् प्रा.लि. वि. श्रम अदालत समेत |
| 59: | निर्णय दर्ता बदर | श्याम मानन्धर वि. नेशनल फाइनान्स कं. लि. समेत |

| | | |
|---|---|---|
| 60: | अंश | सीतलप्रसाद लौनिया समेत वि.मगरु लौनिया |
| 61: | कीर्ते जालसाज | जगतबहादुर सिंह वि. मीनबहादुर सिँह |
| 62: | कर्तव्य ज्यान | राजकुमार थापा वि. नेपाल सरकार |
| इजलास नं. ४ | | १८ |
| 63: | हक कायम | शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.गुठी संस्थान समेत |
| इजलास नं. ५ | | १८-१९ |
| 64: | उत्प्रेषण परमादेश | प्रेमबहादुर भन्ने कृष्णबहादुर महर्जन वि.पाटन अस्पताल समेत |
| इजलास नं. ६ | | १९-२० |
| 65: | जबरजस्ती करणी | नेपाल सरकार वि. दिनेश दाहाल |
| 66: | उत्प्रेषण परमादेश | गोपाल विश्वकर्मा वि. धनबहादुर सुनुवार समेत |
| 67: | उत्प्रेषण | मनोजकुमार दास वि. शिक्षा मन्त्रालय समेत |
| 68: | कर्तव्य ज्यान | शिव गर्बुजा वि. नेपाल सरकार नेपाल सरकार वि. गुनबहादुर पूर्जा समेत |
| 69: | वन जंगल फडानी | नेपाल सरकार वि.गिरीप्रसाद तिमिल्सिना |
| 70: | अदालतको अपहेलना | राधाकुमारी रायमाझी (ढकाल) वि. शकुन्तला पौडेल समेत |
| 71: | अदालतको अपहेलना | राधाकुमारी रायमाझी (ढकाल) वि. शकुन्तला पौडेल समेत |
| इजलास नं. ७ | | २०-२२ |
| 72: | निषेधाज्ञा | राधाकुमारी रायमाझी (ढकाल) वि. चित्रसेन रा.प्रा.विद्यालय समेत |
| 73: | निषेधाज्ञा | जन प्रभात माध्यमिक विद्यालय समेत वि. नानीदेवी मानन्धर |
| 74: | परमादेश | अनीलकुमार पौडेल वि. डिल्लीविक्रम लिम्बू |
| 75: | निषेधाज्ञा परमादेश | सीतादेवी घर्ती वि. विद्यालय व्यवस्थापन समिति रा.प्रा.वि. कल्याणपुर समेत |
| 76: | ठगी | नेपाल सरकार वि. बिना पुन मगर |
| 77: | परमादेश | शैलेन्द्रकुमार ठाकुर वि. जनकपुर चुरोट कारखाना लिमिटेड |
| 78: | भ्रष्टाचार | शैलेन्द्रकुमार ठाकुर वि. नेपाल सरकार |
| 79: | कर्तव्य ज्यान | लक्ष्मीदेवी विष्ट वि.नेपाल सरकार |
| 80: | कर्तव्य ज्यान | कुमार विश्वकर्मा वि.नेपाल सरकार नेपाल सरकार वि.जीवन भण्डारी |
| इजलास नं. ८ | | २२-२३ |
| 81: | उत्प्रेषण समेत | मैया अधिकारी वि. मन्त्रिपरिषद्को कार्यालय समेत |
| 82: | लेनदेन | भुटन मण्डल मघैया धानुक वि.मधुरीप्रसाद यादव |
| 83: | मोही हक | सुकदेव पण्डित कुम्हाल वि. गजेन्द्रलाल जोशी |
| 84: | उत्प्रेषण | सानुबाबु के.सी. वि. उद्धवबहादुर खत्री समेत |
| इजलास नं. ९ | | २३-२४ |
| 85: | लागू औषध | नेपाल सरकार वि. बीरेन्द्रकुमार यादव |
| 86: | कर्तव्य ज्यान | हस्तमाया भन्ने शेरमाया चेपाङ समेत वि. नेपाल सरकार |
| 87: | लेनदेन कीर्ते | सुशीलादेवी यादव वि. मानकी यादव |
| 88: | लेनदेन | लक्ष्मी बल्लभ दत्त वि. सहिदा खातुन |
| 89: | उत्प्रेषण परमादेश | गंगा कार्की (रावल) वि. भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय समेत |
| इजलास नं. १० | | २५-२७ |
| 90: | लागू औषध | मोहन राम वि.नेपाल सरकार |
| 91: | कर्तव्य ज्यान | भीमबहादुर राई वि.नेपाल सरकार |
| 92: | उत्प्रेषण समेत | रमेशप्रसाद सर्राफ वि. नेपाल विद्युत प्राधिकरण समेत |
| 93: | राजीनामा लिखत बदर | नारायण भक्त लासिवा वि. मोतिमाया लासिवा समेत |

| | | |
|---|---|---|
| 94: | निर्णय दर्ता गुठियार | नारायण भक्त लासिवा वि. कृष्णभक्त लासिवा समेत |
| 95: | लिखत दर्ता बदर | महेन्द्र झा समेत वि. मुन्द्रिकादेवी झा समेत |
| 96: | लिखत दर्ता बदर | ऐश्वरीलाल यादव समेत वि. जसरीदेवी यादव समेत |
| 97: | उत्प्रेषण परमादेश | मेवालाल डगौरा थारू वि. भूमिसुधार कार्यालय कैलाली |
| 98: | उत्प्रेषण समेत | हजारी पण्डित कुम्हाल वि. भूमिसुधार कार्यालय बारा समेत |

| | | |
|---|---|---|
| **एकल इजलास** | | **२७** |
| 99: | उत्प्रेषण परमादेश | सकुनी पासवान वि. सीतादेवी कार्की समेत |
| 100: | उत्प्रेषण परमादेश | किशोरी गोदार वि. चन्द्रकला उप्रेती समेत |
| 101: | परमादेश | सखीचन्द्र शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत |
| **सर्वोच्च अदालत गतिविधि** | | **२८–३४** |


**सर्वोच्च अदालतबाट हालै प्रकाशित विषयगत नजीर संग्रहका निम्न भागहरू न्यायाधीश समाज नेपालबाट विक्री भैरहेको व्यहोरा जानकारी गराउँछौं:**

**भाग १:** संवैधानिक कानून

**भाग २:** सार्वजनिक सरोकार

**भाग ३:** मानव अधिकार तथा लैगिक न्याय

**भाग ४:** देवानी कानून: सम्पत्ति

**भाग ५:** देवानी कानून: पारिवारिक

**भाग ६:** फौजदारी कानून: सरकारवादी

**भाग ७:** फौजदारी कानून: दुनियावादी

**भाग ८:** कार्यविधि कानून: देवानी

**भाग ९:** कार्यविधि कानून: फौजदारी

**भाग १०:** उद्योग, वाणिज्य र कर

**भाग ११:** राष्ट्रसेवक कर्मचारी

## विशेष इजलास

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WS-००३८, उत्प्रेषण, वकीलहरूको *राष्ट्रिय अभियान (ल्यानकाउ नेपाल) वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

परम्परागत समाजमा शासक र शासित, सार्वजनिक पद धारण गरेका र नगरेका, धन सम्पत्ति भएका र नभएकाहरू तथा लिङ्ग समेतका आधारमा रहन जाने विभेदलाई सम्वोधन गर्नका लागि पनि "छोटा बडा" भन्ने शव्द प्रयोग भएको हुन सक्ने सम्भावना नरहने होइन। त्यस्ता ऐतिहासिक विषयहरू वैज्ञानिक ढंगले खोज र अनुसन्धान भै सत्यतथ्य पत्ता लगाइनु पर्ने कुराहरू हुन्। निवेदन लेखको भरमा मात्र यस अदालतलाई त्यस्तो संवेदनशील विषयवस्तुको गहिराइसम्म पुग्न सम्भव नहुने हुँदा अनुमान र तर्कका आधारमा मात्र उक्त शव्दावलीको प्रयोगसम्बन्धी विषयको निरुपण गर्न नमिल्ने।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम्

२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WS-००३४, उत्प्रेषण, *विष्णुप्रसाद वास्तोला वि.कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय समेत*

कुनै आधार र कारण नै नखोली सम्पूर्ण ऐन, नियम र कानूनका प्रस्तावना संशोधन हुनुपर्ने गोश्वारा माग गरी अस्पष्ट र हचुवा निवेदन दर्ता गराउँदैमा निवेदकको दायित्व पूरा हुन सक्दैन। कुनै कानूनको संवैधानिकताको विवाद उठान गर्नु मात्र पर्याप्त हुन सक्दैन। यस्ता विवाद उठाउन खोज्नेले अदालतलाई सहयोग गरी आफूले उठान गरेको विषयलाई सार्थक र सुरक्षित अवतरण गराउन सक्ने हैसियत पनि प्रमाणित गर्न सक्नु पर्दछ। आफूले उठाउन खोजेको विषयवस्तुको गहिराइसम्म पुगी दावीका विषयवस्तु प्रमाणित हुने आधार नदेखाई दावी लिने प्रवृत्तिले यस अदालतलाई सहयोग पुग्न जाने नभई उल्टै जटिलताको अवस्था सिर्जना हुने।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम्

## पूर्ण इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४-WF-००१६, उत्प्रेषण, *चन्द्रकान्त ज्ञवाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्दा अन्तर्राष्ट्रिय बजारसँग सापेक्ष हुने गरी निर्धारण हुनु पर्दछ। एकाधिकारको आधारमा कुनै वस्तुगत र वोधगम्य आधारबिना मूल्य निर्धारण गरिनु भनेको उपभोक्ता संरक्षण ऐन र उपभोक्तावादका सार्वभौम मान्यताहरूको प्रतिकूल हुन्छ भन्ने कुरामा विमति हुन नसक्ने।

मूलतः सरकारले आफूद्वारा नियन्त्रित संस्था सञ्चालन वा त्यसले गर्ने कार्य निजी क्षेत्रलाई कति दिने, कसरी दिने वा के गर्ने भन्ने कुरा सरकारको नीतिगत विषय हुँदा अदालतले निर्देशित गर्ने कुरा नभएकाले सुलभ र गुणस्तरयुक्त पेट्रोलियम पदार्थको उपभोगको सुनिश्चितताका लागि नेपाल आयल निगम वाधक रहेको मान्न नमिल्ने।

आयल निगमको खारेजी गरी त्यसले गर्दै आएको कार्य निजी क्षेत्रबाट सञ्चालन गरिदैमा पेट्रोलियम पदार्थको सहज र सुलभ आपूर्ति भै उपभोक्ताको हित संरक्षण हुने कुराको प्रत्याभूति न्यायिक निर्णयबाट हुन नसक्ने।

राज्य आफैले जिम्मा लिंदा र निजी क्षेत्रलाई जिम्मा दिंदा पनि राज्यको भूमिका अपरिहार्य हुने प्रकृतिको कार्यमा न्यायिक हस्तक्षेप गरी राज्यलाई भूमिकाविहीन तुल्याउन सकिने अवस्था नहुने।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल फागुन १३ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको २०६४-WF-००१७, उत्प्रेषण, *उपभोक्ता हित संरक्षण मञ्च समेत वि. नेपाल आयल निगम लि.समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## संयुक्त इजलास

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं.९०३२ लिखत दर्ता बदर, *माया रुवाली वि.कृष्णप्रसाद रुवाली समेत*

दावीबमोजिमको सम्पत्ति आफ्नो निजी सीप र प्रयासबाट आर्जन गरेको रकमबाट खरीद गरेको सम्पत्ति देखिन आएको अवस्थामा उक्त सम्पत्तिको हक हस्तान्तरण गर्दा कानूनबमोजिम अंशियारहरूको मञ्जूरी लिइरहनु नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम्

२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको फौ.पु.नं. ३४१५, अंगभंग, *नेपाल सरकार वि. तौकिर मन्सुर समेत*

फौजदारी मुद्दामा कसैउपर अभियोगपत्र दायर गरेर मात्र पुग्दैन । सो अभियोगलाई पुष्टि हुने तवरको विवादरहित, स्वतन्त्र र निश्चयात्मक सबूद प्रमाणहरू पनि वादी पक्षबाट पेश गर्नुपर्ने ।

आफ्नो अभियोग दावीलाई वादी पक्षले शंकारहित तवरबाट प्रमाणित गराउन नसकेको अवस्थामा जाहेरी दरखास्त तथा सो आधारमा दायर गरिएको अभियोगपत्र मात्रको भरमा कसैलाई कसूरदार मान्न सकिदैन । जाहेरी दरखास्त र सोमा उल्लिखित व्यहोरा स्वयंमा प्रमाण हुँदैन, त्यसलाई प्रमाणमा ग्राह्य गर्नको लागि अन्य स्वतन्त्र, ठोस र विवादरहित एवं शंकारहित प्रत्यक्ष प्रमाणबाट सो व्यहोरालाई समर्थित गरेको हुनुपर्ने ।

जबसम्म कानूनमा नै किटानी रुपमा दामासाहीबाट कैद सजाय असूलउपर गर्नुपर्ने गरी स्पष्ट व्यवस्था गरिदैन तवसम्म कुनै फौजदारी कसूरमा संलग्न एकभन्दा बढी कसूरदारहरूलाई कानूनमा भएको कैदको सजायलाई दामासाहीका हिसावले भागवण्डा गरी खण्डे सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम्

३

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं.३००, गुठी तैनाथी जग्गा कायम, *डा.कामेश्वरप्रसाद सिंह वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

जग्गाको लगत स्रेस्ता गुठी तैनाथी भैरहेको अवस्थामा सो लगतलाई खण्डन गर्ने बलियो प्रमाणको अभावमा कुनै कानूनले अधिकार नदिएको पदाधिकारी र कार्यालयले कानूनविपरीत गरेको काम कानूनसम्मत नहुने हुँदा त्यस्तो निर्णय र त्यसको आधारमा भएको अन्य काम कारवाहीले समेत वैधानिकता पाउन नसक्ने ।

मोही नै नलाग्ने, गुठी संस्थानको पूर्ण स्वामित्वमा रही आफैले मात्र बन्दोबस्त गर्नसक्ने कानूनी व्यवस्था भएको जग्गालाई गुठी तहसील तथा खर्च कार्यालयको एकाधपत्रको आधार लिई गुठी अधिनस्थ जग्गा हो र मोही कायम हुन्छ भन्नु उपयुक्त र कानूनसम्मत नहुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम्

४

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिरअली अन्सारी,** २०६० सालको फौ.पु.नं. ३२९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.डविन गुरुङ*

विरोधाभाषपूर्ण र अस्पष्ट बयानलाई अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा सावित बयानको रुपमा ग्रहण गरी निजउपर कसूर कायम

गर्ने अकाट्य र एकमात्र प्रमाणको रुपमा ग्रहण गर्न नसकिने ।

वारदात हुँदाका वखत चश्मदिद् गवाहको रुपमा रहेका व्यक्तिले मौकामा र अदालतमा उपस्थित भई वकपत्र गर्दा समेत आफूले प्रत्यक्षरुपमा घटना देखी घटनाको यथार्थ व्यहोरा खुलाइरहेको स्थितिमा अदालतले त्यस्ता चश्मदिद् व्यक्तिको मौकाको कागज र अदालतसमक्ष गरेको वकपत्रको व्यहोराको सत्यताउपर शंका गर्नुपर्ने कुनै कारण रहँदैन । फौजदारी मुद्दामा चश्मदिद् व्यक्तिहरूको भनाइ कसूर कायम गर्ने एउटा निर्णायक प्रमाण हो । यस्तो व्यक्तिको भनाई वारदातको प्रकृति र अन्य प्रमाणबाट समर्थित भएको छ भने अदालतले त्यस्तो प्रत्यक्ष साक्षीको कथनलाई अनदेखा गरी न्यायिक निष्कर्ष निकाल्नु न्यायसंगत नहुने ।

हत्याको कसूर प्रमाणित भए पनि पूर्व रिसइवीको स्थिति, वारदातको प्रकृति, पूर्व आपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरुप, कसूरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमिलगायतका कुराहरू विचार गरी कसूर र सजायबीचको समानुपातिकता (Proportionality of Punishment) स्थापित गर्नु नै न्यायपूर्ण हुने ।

इजलास अधिकृतः विदुर कोइराला

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम्

५

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं. ०३२५, उत्प्रेषण, *तीलविक्रम राउत कुर्मी वि. रामएकवाल प्रसाद जयसवार समेत*

रिट निवेदकलाई मर्का पर्न गएको थियो भने सोको उपचारको लागि समयमै अदालत आउन सक्नुपर्नेमा समयमा नआई बिलम्व गरी आएको र समयमै आउन नसक्ने चित्त बुझ्दो उचित आधार कारण समेत निवेदनमा खुलाउन नसकेको अवस्थामा यी रिट निवेदकका हकमा विलम्बको सिद्धान्त समेत लागू हुनुको साथै यी निवेदक सफा हात लिएर अदालत प्रवेश गरेका रहेछन् भनी भन्न मिल्ने अवस्था समेत देखिन नआउने ।

इजलास अधिकृतः बिष्णुप्रसाद अर्याल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको विविध फौ.नं. ११६, अदालतको अपहेलना, *बोधबहादुर राउत क्षेत्री वि.नेपाल बार एशोसिएशन केन्द्रीय कार्यालय समेत*

अदालतको गरिमा र मर्यादा कायम गरी जनविश्वास अक्षुण राख्दै जनविश्वास अभिवृद्धि गर्नु नै अपहेलनाको कारवाहीको मकसद हुँदा कसैले आत्मआलोचना गरी क्षमा माग्दछ र अदालतप्रति विश्वास व्यक्त गर्दछ भने अदालत त्यसप्रति क्षमाशील हुनु पर्दछ । अदालतको मर्यादा भन्नु नै सर्वसाधारण जनताले अदालत र त्यसमा कार्यरत् न्यायकर्मीप्रति राख्ने विश्वास हो । अदालत र त्यसमा कार्यरत न्यायकर्मीको काम कारवाही, आदर्श आचरण व्यवहारले नै त्यसको मर्यादा निर्धारण हुन्छ । यस्तो अधिकारलाई केवल दण्डात्मक स्वरुपमा मात्र प्रयोग गर्ने हो भने दण्डको भयले अदालत र त्यसमा कार्यरत् न्यायकर्मीको विरुद्ध त नबोल्लान् तर त्यसबाट आस्था जनविश्वास र मर्यादा अभिवृद्धि हुन्छ भन्न नसकिने ।

अपहेलनाको कारवाहीको निवेदक वा प्रतिवेदक जो भएपनि अदालतको अपहेलनाको कारवाहीमा अदालत स्वयं वादी हुने भएकाले निवेदन वा प्रतिवेदनमा के दावी वा जिकीर छ भनी व्यक्तिवादी मुद्दाको जस्तो दावीमा केन्द्रित हुने होइन कि व्यक्त विचार, टीकाटिप्पणी, आलोचना वा गरेको कृयाकर्म कुन परिवेश, समय र कुन प्रयोजनको लागि कस्तो व्यक्ति वा संस्थाले कुन मकसदबाट गरेको छ सो समेतलाई हेरी वस्तुनिष्ठ भै अदालतको अपहेलना भएको छ वा छैन भनी निर्क्योल गर्नुपर्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

**इजलास नं. १**

**१**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०५८ सालको दे.पु.नं. ७७४४, दर्ता बदर, *जवरमान नेम्बाङ समेत वि.मानहाङ लिम्बू समेत*

नापीको सूचनाबमोजिम जग्गा नापी गराउन नगएको नाताबाट एकाको जग्गाको हक स्वामित्व स्वतः समाप्त हुने व्यवस्था जग्गा नाप जाँच ऐन, २०१९ ले गरेको नपाइने, सम्बन्धित जग्गावालाको नाउँमा नापी दर्ता नभएको अवस्थामा त्यस्तो दर्ता बदर गर्ने व्यवस्था जग्गा नाप जाँच ऐन, २०१९ मा नभएकोले अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था हेर्नुपर्ने, जग्गा नाप जाँच ऐन, २०१९ मा दर्ता बदरतर्फ हदम्यादको व्यवस्था नभएकोले उक्त ऐनमा मात्र भर पर्न नहुने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२ सालको फौ.पु.नं. ३२२१, बाली लुटपीट, *खड्गबहादुर नेम्बाङ समेत वि. धनकुमार नेम्वाङ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।
- २०६२ सालको फौ.पु.नं. ३२२२, बाली लुटपीट, *जवरमान नेम्वाङ समेत वि. मानहाङ नेम्वाङ समेत*

**२**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं.८५५७, ८५५८, हक सफा, *गोबिन्दप्रसाद झुनझुनवाला समेत वि.लता झुनझुनवाला समेत*

अड्डामा रहेको स्रेस्ता र रजिष्ट्रेशनमा भएको लिखतको व्यहोराबाट वादीहरूले निखनाई पाऊँ भनी दावी गरेको जग्गाको भौतिक स्वरुपमा बाटो भएको वादीहरूले समेत प्रयोग गरिरहेको बाटोमा उक्त जग्गा खरीद गर्ने दाताले पनि बाटौकै रुपमा प्रयोग गरिरहेको अवस्था हुँदा वादीहरूलाई सन्धिसर्पनको पर्ने नदेखिई निखनाई लिन पाउने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

**३**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं.९१८२, मिलापत्र अनुसार गरिपाऊँ, *बिनोदप्रसाद सिँह समेत वि.बिश्वनाथ सिँह राजपुत*

धेरै व्यक्तिहरू बीच मुद्दा चली एक पटक नरमकरम मिलाई भाग वण्डा लगाई मिलापत्र भइसकेपश्चात् सो मिलापत्रमा चित्त नबुझे सवैउपर आउनु पर्नेमा एक जनाउपर मात्र वादीहरूले फिराद दिएको अवस्थामा प्रतिवादी एकजनाले मात्र आफ्नो अंश भागमा परेको सम्पत्तिबाट वादीहरूलाई सगोलको अवस्थामा लिएको ऋणबापतमा रोक्का रहेको जग्गाको सट्टा भर्नाबापत दावी गरेअनुसार जग्गा दिनु पर्दा नरमकरमको हिसावसमेतले नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

**४**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६० सालको दे.पु.नं.८८९७, दर्ता बदर दर्ता, *जगन्नाथ दास वैष्णव वि. गुठी संस्थान शाखा कार्यालय महोत्तरी*

फिरादपत्रको व्यहोरामा विवादित जग्गाहरूमा आफ्नो हक के कसरी हुन आउने हो भनी आफ्नो हकको स्रोत र स्रेस्ता स्पष्ट रुपमा देखाई खुलाई दावी लिन नसकेको स्थितिमा वादी दावीका जग्गामा वादीको निर्विवाद हक कायम हुने अवस्थाको विद्यमानता नदेखिँदा दावीको जग्गामा विपक्षीको नामको दर्ता बदर गरी पुनरावेदक वादीको नाममा दर्ता गरिपाऊँ भन्ने वादी दावी कानूनसम्मत एवं न्यायसंगत देखिन नआउने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३५४८, उत्प्रेषण समेत, *स्यानु सिँह वि. जिल्ला शिक्षा कार्यालय कालिकोट समेत*

शैक्षिक प्रमाणपत्र छानबीन समितिको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई आफूउपर लागेको अभियोगको जानकारी समेत नदिई सेवाबाट अवकाश दिएको एकातिर देखिन्छ भने अर्कोतर्फ शिक्षकलाई अवकाश दिने अधिकार सम्बन्धित निर्देशकलाई मात्र भएकोमा शैक्षिक प्रमाणपत्र छानबीन समितिले निर्णय गरी निवेदकलाई अवकाश दिएको कार्य कानूनबमोजिम भएको देखिन नआउने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं.१०००३, लेनदेन जालसाजी, *मोस्तकिम कवारी वि.सरिफी खातुन*

अंश मुद्दाको फैसलाबाट लेनदेन कारोवार हुँदाका वखत वादी प्रतिवादीहरू सगोलका अंशियार भएको देखिएको अवस्थामा सगोलको एक अंशियार र अर्को अंशियारका बीच घरसारमा भएको लेनदेनको कुनै औचित्य रहने देखिदैन । अन्यथा प्रमाणित नभएसम्म एकाघर सँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्ति पनि सगोलको मान्नुपर्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) को कानूनी व्यवस्थाले समेत एकासगोलका जुनसुकै अंशियारको नाउँमा सम्पत्ति भएपनि अन्यथा प्रमाणित नभएसम्म सवै अंशियारहरूको हुने हुँदा वादी दावीबमोजिम वादी प्रतिवादीहरू बीच लेनदेन कारोवार भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको दे.पु.नं. १०००२, लेनदेन, कीर्ते, *खलिल कवारी वि. सरिफी खातुन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं.८२६३, अंश दर्ता, *तजो खातुन समेत वि. मोस्तकिम कवारी*

आफूले हक प्राप्त गर्दाको अवस्थामा तयार पारिएको लिखतमा दाइजोको रुपैयाँबाट लिएको भन्ने उल्लेख गरे पनि त्यसलाई प्रमाणित गर्ने कुनै लिखत प्रमाण पेश हुन नसकेको स्थितिमा विभिन्न मितिमा खरीद गरी लिएको सम्पूर्ण कित्ता जग्गाहरू निजको दाइजोबाट खरीद गरेको भनी लिखतमा लेखिएको अवस्थामा त्यसलाई स्वाभाविक मान्न नसकिने ।

२०३४ सालभन्दा पछि भएको बण्डाले विधिवत् रजिष्ट्रेशन पारित नभई त्यसले मान्यता पाउन नसक्ने कानूनी व्यवस्था भएकोले लिखतको अभावमा २०४७ सालमा नै बण्डा छुट्याई अलग बसेको भन्ने प्रतिवादीहरूको भनाइ पुष्टि हुन नसक्ने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं.८२६२, अंश दर्ता, *तजो खातुन समेत वि.खलिल कवारी*
- २०६१ सालको दे.पु.नं.८२६४, लिखत दर्ता बदर, *सरिफी खातुन समेत वि.खलिल कवारी*

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं.८८८४, निर्णय दर्ता बदर हक कायम, *मुक्तिनाथ लम्साल वि. मन्त्रिपरिषद् सचिवालय समेत*

नापीको समयदेखि नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णय भएको अवधिसम्ममा निरन्तर रुपमा जंगलको रुपमा रहेको दावीको

जग्गामा वादीले हाल आफ्नो भोग बसोवास छ भनी दावी लिए तापनि पछि निर्माण गरिने संरचना लगायतका भौतिक प्रमाणहरूले दावीको जग्गाको साविकको स्रोत र प्रकृतिलाई भन्ने अन्यथा गर्न नसक्ने ।

पछि निर्माण गरिएका वा बनाइएका चीजबस्तु एवं भौतिक संरचनाहरूको वैधानिक स्थिति स्वतः गौण हुन पुग्ने हुँदा बिना प्रमाण भोगेको भन्ने आधारबाट मात्र वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर १ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६१ सालको रिट नं.२९३८, उत्प्रेषण समेत, *भिखन महतो कोइरी वि. सीताराम साह तुरहा समेत*

वस्तुतः कानूनबमोजिम तह-तह हुँदै सदर बदर भई आएको कार्यका लागि रिट क्षेत्र आकर्षित हुने देखिदैन । लेनदेन मुद्दाको बिगो भरिभराउ गर्न अंश मुद्दाबाट प्राप्त हुने सम्पत्तिबाट मिल्ने हुँदा त्यसका लागि निजका बाबुका नामको जग्गा नै रोक्का राखी राख्नुपर्छ भन्ने देखिन नआउने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल असोज २३ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं.८९९०, फैसला मुचुल्का बदर अंश, *डिल्लीराम भण्डारी वि. ज्योतिलाल भण्डारी समेत*

विधिवत् अंशबण्डा हुनुपूर्व अंशियारमध्येको कसैको नाउँमा पैतृक सम्पत्ति दर्ता भएकै नाताले मात्र छुट्टी भिन्न भएको भन्नलाई प्रमाण ऐन, २०३१ को दफा ६(क) मा भएको कानूनी व्यवस्था समेतले नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं.९५६७, घर भत्काई चलन चलाई पाऊँ, *टेकनारायण चौधरी वि.विजयालक्ष्मी हमाल*

सर्जमिनका १, २ जना व्यक्तिले बिनाआधार तथ्यरहित तवरले प्रतिवादीले वनाएको घर भनेकै आधारमा जग्गाको हकको स्रोत नै नभएका प्रतिवादीलाई अर्काको जग्गामा बनाएको घर ठीक ठाउँमा बनाएका घर रहेछन् भनी अदालतले मान्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल असोज १९ गते रोज २ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६० सालको दे.पु.नं.३५२३, जालसाजी, *टेकनारायण चौधरी वि.विजयालक्ष्मी हमाल*
- २०६० सालको दे.पु.नं.९५६८, दर्ता बदर, *टेकनारायण चौधरी वि.विजयालक्ष्मी हमाल समेत*

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं.७८९६, दर्ता बदर हक कायम, *रणबहादुर खत्री वि. रुद्रबहादुर बिष्ट समेत*

प्रतिवादी र वादीका बाबुहरू समेतका बीच जग्गा खिचोला मुद्दा पर्दा भएको सीमानाको विवादका सम्बन्धमा विवादित जग्गाको पूर्वी सीमानामा गंगामारे खोला कायम भई सोदेखि पश्चिमको जग्गा प्रतिवादी रणबहादुर खत्री समेतको कायम हुने गरी भएको फैसला अन्तिम भएर रहेको अवस्थामा र पछि २०५६।५।२८ मा भएको नक्सामा गंगामारे खोलादेखि पश्चिमतर्फ कि.नं ५७४, ५७८ र ५७९ रहेको स्पष्ट देखिएको र अन्य कित्ता जग्गाहरू गंगामारे खोलादेखि पूर्व रहेको नक्सा मुचुल्काबाट देखिएको अवस्थामा गंगामारे खोलादेखि पश्चिमतर्फको जग्गामा पनि हक कायम हुनुपर्छ भन्ने वादीहरूको र सोदेखि पूर्वको जग्गामा समेत

हक हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको दे.पु.नं.०२९६, दर्ता बदर हक कायम, *रणबहादुर खत्री वि.पदमकुमारी विष्ट*
- २०६३ सालको दे.पु.नं.०२९५, दर्ता बदर हक कायम, *रणबहादुर खत्री वि. दानबहादुर विष्ट समेत*

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी

कम्प्युटरः वेदना अधिकारी

इति संवत् २०६६ साल असोज १९ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री तपबहादुर मगर,** २०६३ सालको दे.पु.नं. RC-०२५३, २०६३ सालको फौ.पु.नं. CR-०२८३, २०६५ सालको साधक नं. RC-००५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वहुरा मुखिया विन समेत, रामअधीन मुखिया वि.नेपाल सरकार, नेपाल सरकार वि.रामएकवाल मुखिया*

प्रतिवादी रामदिन मुखिया छुरा प्रहार गरी मार्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको प्रमाणित हुँदा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने । प्रतिवादीहरू बहुरा मुखिया विन, मंगला मुखिया विन, जंगला मुखिया विन, सोनेलाल राउत, देवेन्द्र राय अमात, छोटिया मुखिया, साउने मुखिया समेतका प्रतिवादीहरू घटनास्थलमा गै मार्ने कार्यमा संलग्न रही घटनास्थलमा मौजूद रही ज्यानसम्बन्धीको १७(३) नं. बमोजिमको कसूरमा संलग्न रहेको देखिँदा ज्यानसम्बन्धीको १३(४) नं. को कसूर स्थापित हुन नसक्ने ।

प्रतिवादी रामएकवाल मुखिया, घटनास्थलमा मौजूद रही मार्नका लागि संयोग पार्ने कार्यमा संलग्न रहेको देखिन आएबाट निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम्

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** रि.पु.इ.नं. ०६३-WO-०२१६, उत्प्रेषण परमादेश समेत, *अर्जुनप्रसाद अधिकारी समेत वि. शिक्षक सेवा आयोग समेत*

शिक्षकको बढुवासम्बन्धी व्यवस्था वाध्यात्मक कानूनी व्यवस्था हो र विद्यमान कानूनी व्यवस्था सबैले पालना गर्नुपर्छ। यस्तो कानूनी व्यवस्थाको पालना गर्नु नपर्ने उन्मुक्ति वा छूट विपक्षीलाई कुनै ऐन कानूनले दिएको देखिदैन। यस्तो अवस्थामा कसैले विद्यमान कानूनको पालना नगर्ने हो भने कानूनी अराजकता र स्वेच्छाचारिता हुन्छ। जसबाट कानूनी राजको उपहास हुने हुँदा वढुवा समितिको निर्णय कानूनअनुकूलको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः उप्रेन्द्रप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम्

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** रि.पु.इ.नं. ०६३-WO-०२०४, उत्प्रेषण, *सतानन्द रिजाल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

निवेदकले लिएको ५ महिने तालिमबापत पूरा अङ्क पाउनु पर्ने भन्ने दावी कानूनतः पुष्टि गर्न नसकेको अवस्थामा निवेदकको दावीलाई तथ्य र कानूनमा आधारित मान्न नमिल्ने। तथ्य र कानूनको स्पष्ट उल्लंघनबाट निवेदकको स्थापित हक अधिकारको हनन् भएको अवस्थामा मात्र असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट जारी हुने हुँदा केवल हचुवाका भरमा दिएको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उप्रेन्द्रप्रसाद गौतम

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम्

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- रि.पु.इ.नं. ०६३-WO-०२०५, उत्प्रेषण, *जीवराज कंडेल वि. शिक्षक तथा खेलकुद मन्त्रालय समेत*
- रि.पु.इ.नं. ०६३-WO-०२०६, उत्प्रेषण, *लालबहादुर अधिकारी वि. शिक्षक तथा खेलकुद मन्त्रालय समेत*
- रि.पु.इ.नं. ०६३-WO-०२०७, उत्प्रेषण, *नारायणप्रसाद भण्डारी वि. शिक्षक तथा खेलकुद मन्त्रालय समेत*

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** रि.पु.इ.नं. ०६३-WO-०२०८, उत्प्रेषण, *अर्जुनप्रसाद नेपाल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

रिट क्षेत्र अदालतको असाधारण अधिकारक्षेत्र हो, जसबाट निवेदकको प्रत्यक्ष हक अधिकारको हनन् भएकोमा पुनर्स्थापित गर्दछ । रिट निवेदकको बढुवासम्बन्धी विवादसँग सम्बन्धित निवेदक स्वयंले मात्र उपभोग गर्नसक्ने विषयसँग सम्बन्धित भई निजको प्रत्यक्ष हकसँग सरोकार छ । निजमा भएको निश्चित योग्यताका आधारमा मात्र निजको बढुवा निजको व्यक्तित्वसँग गाँसिएको हुन्छ । यस्तो अवस्थामा निवेदकको व्यक्तित्व नै नरहे नभएको अवस्थामा निजको बढुवासम्बन्धी हक अधिकार प्रचलन गराउन वा हुन नसक्ने ।

निवेदकको मृत्यु भैसकेको भनी मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गरेको अवस्थामा निजको हक स्थापित भएको अवस्थामा उक्त हक उपभोग हुन सक्ने नदेखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भैसकेकको देखिँदा औचित्य नै समाप्त भैसकेको विषयमा तथ्यभित्र प्रवेश गरी निर्णय गर्न नपर्ने ।

इजलास अधिकृतः उप्रेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम्

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६२ सालको दे.पु.नं.८११२, छूट जग्गा दा.खा. नामसारी, *रामपरीदेवी तेलिन समेत वि. मालपोत कार्यालय सिरहा*

व्यक्तिगत नाममा दर्ता रहेको व्यक्ति विशेषको जग्गा तथा पोखरी अन्य कुनै प्रक्रियाबाट हक हस्तान्तरण गरेको नभै नापीमा सार्वजनिक लेखिँदैमा मालपोत ऐन, २०३४ को दफा २(ख३) को कानूनी व्यवस्थाअनुसार सार्वजनिक हो भन्न नमिल्ने ।

व्यक्ति विशेषको नामको जग्गा तथा पोखरीलाई अन्य कुनै तथ्ययुक्त आधार र कारणबाट सार्वजनिक कायम नगरेसम्म केवल सार्वजनिक भन्दैमा सार्वजनिक भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः उप्रेन्द्रप्रसाद गौतम
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर २२ गते रोज २ शुभम्

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६३-CR-०५९३, सवारी अंगभंग, *नेपाल सरकार वि.प्रकाश आचार्य*

भारी बोकी आफ्नो बाटोमा हिडिरहेकी पीडितलाई ठक्कर लाग्न गै दुर्घटना भएको भन्ने तथ्य प्रतिवादी वयान, जाहेरी दरखास्त, सवारी धनी समेतको कागजबाट प्रस्तुत मुद्दाको वारदात प्रतिवादीले लापरवाहीपूर्वक मोटरसाइकल हाँकेका कारण भएको पुष्टि हुँदा पीडितको भाँचिएको कुमको हड्डी जोडिएर काम लाग्ने भैसकेको भन्ने जिल्ला स्वास्थ्य कार्यालय अर्घाखाँचीको पत्रबाट देखिँदा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम रु.५०००। जरीवाना हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६२ सालको दे.पु.नं. ८३४४, लेनदेन, *विष्णुदेवी लामिछाने वि. सावीभरी अहिरनी*

कपाली तमसुकबमोजिमको रकम मिलान समायोजन भएको उल्लेख नहुनाले अघि भएको

वादी प्रतिवादीबीचको लेनदेन कारोवार र पछि रजिष्ट्रेशन गरी लिए दिएको जग्गाको लेनदेन कारोवार पृथक पृथक व्यवहार हुन् र तिनीहरूको आ आफ्नै प्रमाणिक महत्व रहेको भन्ने प्रमाणित हुन आउँछ। यस अवस्थामा प्रतिवादीको कथन कानूनतः ग्रहणयोग्य देखिन आएन। लिखत प्रमाणको आधारमा निर्णय गर्नुपर्ने विषयमा व्यवहारिक पक्ष वा मौखिक भनाइको कुनै अर्थ र प्रयोजन नरहने।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६२ सालको दे.पु.नं.८६२७, लेनदेन, *सुखन लोध वि.प्रल्हाद लोध*

कानूनी व्यवस्था र प्रतिवादी गजाधरी शारीरिक वा मानसिक रुपले अशक्त भै घरको व्यवहार चलाउन सक्षम नभएको भनी स्थापित हुन नसकेको अवस्थामा पुनरावेदक घरको व्यवहार गर्ने मुख्य व्यक्ति रहेछन् भनी मान्न र ठहर गर्न न्यायोचित नदेखिने।

लेनदेन व्यवहारको ८ नं. मा घरको मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरुले गरेकोमा मुख्य जानकारको पनि सहिछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ भन्ने कानूनी व्यवस्था भएकोमा दावीको कपाली तमसुक लिखतमा प्रतिवादी गजाधरी लोधिनको सहिछाप पनि नभएको र निजको मञ्जूरी वा सहमति समेत नभएको स्थितिमा सो कपाली तमसुकबमोजिमको दायित्व निज गजाधरी लोधिनले पनि व्यहोर्नु पर्ने भन्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६२ सालको रिट नं. ३५८४ उत्प्रेषण, *तारादेवी बस्नेत वि. अलैंची बस्नेत समेत*

वादी प्रतिवादीबीच चलेको अंश मुद्दामा अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत अन्तिम भएको फैसलालाई प्रत्यक्ष कानूनी त्रुटिको अभावमा असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्न नहुने र फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्न नहुने हुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः कमलराज बिष्ट

कम्प्युटरः वेदना अधिकारी

इति संवत् २०६६ साल चैत १६ गते रोज १ शुभम्

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. ५३० उत्प्रेषण परमादेश, *अलैंची वस्नेत वि. तारादेवी बस्नेत समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६२ सालको रिट नं.३६९९, उत्प्रेषण परमादेश, *लोचनबाबु बुढाथोकी वि. जनकपुर चुरोट कारखाना के.का. समेत*

एक पटक अदालतबाट आदेश भै सकेपश्चात् पुनः त्यही विषयमा व्यहोरा ढाँटी दोस्रो रिट निवेदन दर्ता गरेको देखिएकाले एक पटक कुनै विषयमा अदालतले निर्णय गरेपछि पुनः त्यसै विषयमा निर्णय गर्न नसक्ने।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम्

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री गौरी ढकाल,** २०६४ सालको फौ.पु.नं. ०३०८, जबरजस्ती चोरी, *चित्रबहादुर तामाङ वि.नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा १० मा कुनै काम, घटना, अवस्था देख्ने, थाहा पाउने वा सो कुराबाट प्रत्यक्ष पीडित हुने व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने भन्ने व्यवस्था भएको जाहेरवाला स्वयं घटनाबाट पीडित भै मौकामा जाहेरी दिएकोले अकाट्य प्रमाणको रुपमा रहन

आएको मान्नुपर्ने हुँदा चेक लिई रकम झिकी खाई मासी चोरीको कसूर गरेको प्रमाणित हुने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल वैशाख २० गते रोज २ शुभम्

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. २७०७, उत्प्रेषणयुक्त परमादेश, *प्याथ साइन्स इन्टरनेशनल फर्म वि. नेपाल रेडक्रस सोसाइटी के.का. समेत*

प्रचलित कानूनको अधीनमा रही कसबाट सामान आपूर्ति गराउने भन्ने कुरा उसको नीतिगत विषय हो र सो सम्बन्धमा निवेदकबाटै सामान आपूर्ति गर्नु भनी विपक्षीलाई वाध्य गराउन मिल्ने कुनै कानूनी व्यवस्था नदेखिँदा निवेदक र विपक्षी दुवै करार गर्न स्वतन्त्र भएको कारण एकापसमा करार गरी सामान खरीद विक्री गर्न स्वतन्त्र हुन्छन् यस्तो अवस्थामा अमुक व्यक्ति वा संस्थाबाट अमुक व्यक्ति वा संस्थाले सामान खरीद गर्नैपर्छ भनी कुनै कानूनले बाध्य गरेको देखिँदैन । त्यसै गरी कुनै व्यापारिक संस्था वा फर्मबाट कुनै संस्थाले सामान खरीद नगर्दैमा उक्त पेशा व्यवसाय गर्ने मौलिक हक हनन् भयो भन्न नमिल्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३३११, उत्प्रेषण, *याक एण्ड यति होटल लि. वि.प्रेमा सिँह समेत*

निवेदकले जुन निर्णय बदर गरिपाऊँ भनी रिट निवेदन दायर गरेको हो सोही निर्णयलाई स्वीकार गरी सो निर्णयअनुसार विगो भराई दिने र चलन चलाउने कार्य नै सम्पन्न भैसकेको अवस्था देखिँदा उक्त निर्णयको कानूनी वैधतामाथि थप विवेचना गरिरहन पर्ने देखिँदैन । रिट निवेदकको माग दावी निरर्थक (Infructious) भैसकेको देखिँदा मागबमोजिम आदेश जारी गरिरहन नपर्ने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम्

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. २४६१, उत्प्रेषण परमादेश, *बद्रीराज भण्डारी वि. नेपाल बैंक लि. प्रधान कार्यालय समेत*

निवेदकले दावी गरेको विवादित घर जग्गा विपक्षी बैंकको तर्फबाट रोक्का फुकुवा भैसकेको अवस्थामा निवेदन दावीअनुसार लिलाम विक्री हुने अवस्था नभएकोले रिट निवेदनको प्रयोजन पूरा भै औचित्य नै समाप्त (Infructious) भैसकेको अवस्थामा रिट निवेदन निरर्थक भै जारी हुन नसक्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम्

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६३-WO-०७१६, उत्प्रेषण परमादेश, *नारायणप्रसाद दाहाल वि. शिक्षक सेवा आयोग समेत*

आफ्नो हक अधिकार आघात पुग्ने पक्षले उक्त कामको परिणाम नहेरी मौकैमा उपचार खोज्नुपर्ने हुन्छ । अर्थात् उक्त प्रक्रियालाई नै मौकैमा चुनौती दिन सक्नुपर्छ । सम्पूर्ण प्रक्रियालाई स्वीकार गरी उक्त प्रक्रियामा आफू सहभागी भई कामको परिणाम आफ्नो पक्षमा नआएपछि मात्र सम्पूर्ण प्रक्रियालाई चुनौती दिएको कार्यलाई अदालतले मद्दत गर्न नसक्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम्

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३६६३, उत्प्रेषण समेत, *हिमालयन बैंक लि. वि. भूमिसुधार तथा व्यवस्था विभाग समेत*

बैंकले रोक्का राखेको अवस्थामा पनि बैंकलाई बुझ्दै नबुझी वा प्रतिवाद गर्ने मौका प्रदान नगरी बैंकबाट प्रवाहित ऋणको सुरक्षणमा

रहेको दावीको घर जग्गा फुकुवा गरी नामसारी समेत गरी दोहोरो रोक्का राखेको कार्यलाई कानूनअनुरूपको भन्न नमिल्ने ।

रोक्का राख्ने निकायलाई नै आफ्नो कुरा भन्ने मौका प्रदान नगरी सुरक्षणमा रहेको धितो फुकुवा गरी बैंकको सुरक्षणलाई नै अप्ठेरो स्थितिमा पुऱ्याउने र निस्कने संभावित परिणामलाई समेत विचार मूल्याङ्कन नगरी भएको निर्णयको वैधता शून्यको स्थितिमा रहन जाने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम्

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३५६२, उत्प्रेषण समेत, *अम्बिकादेवी श्रेष्ठ वि. कुन्तीदेवी राणा समेत*

निवेदनमा दावी लिएको कि.नं. ५५ लगायत सो कि.नं. कायम हुनु अघिका के कुन कित्तामा के कति जग्गा थिए ती कित्ता जग्गा नापीमा कायम भएपश्चात् के कति कसको हक हुने भन्ने जस्ता प्रश्नहरू तल्ला अदालतमा विचाराधीन रहेका निर्णय बदर, मिलापत्र बदर लगायतका मुद्दाहरूबाट निराकरण हुने विषय भएकाले तल्लो अदालत वा निकायमा रहेका विचाराधीन मुद्दालाई प्रभावित हुने गरी असाधारण अधिकारक्षेत्रबाट बोल्न नमिल्ने ।

अर्धन्यायिक निर्णय गर्दा पक्षबाट पेश भएको सबूद प्रमाण, अन्य कार्यालयमा रहेको कुनै अभिलेख भए त्यस्ता अभिलेखहरू तथा आवश्यकताअनुसार जग्गाको अवस्थिति सम्वन्धमा यकीन गर्नुपर्ने भए मुलुकी ऐन, अ.वं. १७१ नं. बमोजिम नापनक्सा समेत गरी उपलब्ध हुनसक्ने सम्पूर्ण प्रमाण बुझी निर्णय गर्नुपर्ने ।

*(जग्गाको अवस्थिति समेत यकीन गर्न आवश्यक परे नक्सा समेत गरी निर्णय गर्नु भनी भएको लेखनसम्म मा.न्या.श्री प्रेम शर्माज्यूले असहमति जनाउनु हुँदै ठहर निर्णयमा सहमति जनाउनु भएको)*

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम्

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको फौ.पु.नं. ३३८७, आयकर, *एन.आई. डि.सी. क्यापिटल मार्केट्स लि. वि.आन्तरिक राजस्व कार्यालय काठमाडौँ समेत*

कुनै ऐनको एउटा दफाले एकप्रकारको व्यवस्था र अर्को दफाले अर्को व्यवस्था गरेको अवस्थामा दुवै दफाहरूको स्वतन्त्र र अलग अस्तित्व कायम भै पृथक अर्थ बोकेको मान्नुपर्ने हुन्छ । ऐनमा व्यवस्थित प्रावधानको एउटा दफामा व्याजमा लाग्ने करको दर छुट्टै हुने भनी निश्चितता प्रदान गरेको हुन्छ भने त्यस अवस्थामा सो ऐनको अर्को दफामा भएको व्यवस्थाले उक्त कुरालाई कटौती गरेको भन्नु कानूनी व्याख्याको दृष्टिकोणबाट पनि उचित नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको फौ.पु.नं. ३३८५, आयकर, *एन.आई.डि.सी. क्यापिटल मार्केट्स् लि. वि.आन्तरिक राजस्व कार्यालय काठमाडौँ समेत*
- २०६१ सालको फौ.पु.नं. ३३८६, आयकर, *एन.आई.डि.सी. क्यापिटल मार्केट्स् लि. वि.आन्तरिक राजस्व कार्यालय काठमाडौँ समेत*

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रेम शर्मा** २०६३ सालको रिट नं.०६३-WO-०८७२, उत्प्रेषण समेत, *यादव किराना पसल एण्ड मट्टितेल विक्री केन्द्र सप्तरी वि. अख्तियार दुरुपयोग अनुसन्धान अयोग समेत*

एकपटक निगमले प्रस्तुत निवेदक फर्मको प्रत्यक्ष संलग्नता नदेखी निलम्बन फुकुवा गरिसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस्ता फर्मलाई दर्ता खारेजतर्फ कानूनको रीत पुऱ्याई कारवाही गर्नु भनी लेखी आएपछि त्यही आयोगको व्यहोरालाई शिरोधार्थ गरी निगमले निवेदकलाई कारवाही गरेकोले आयोगले

आफूले छानबीनबाट देखेको कुरा सम्बन्धित निकायमा लेखी पठाएपश्चात् निर्णय गर्ने संस्था वा अधिकारीले आफ्नो तर्फबाट त्यस सम्बन्धमा स्वतन्त्र र निष्पक्ष भै प्रमाणको समुचित मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल वैशाख ६ गते रोज २ शुभम्

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. २०६३-WO-०८७१, उत्प्रेषण समेत, *धिताल आयल ट्रेडर्स वि. अख्तियार दुरुपयोग अनुसन्धान अयोग समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५-WO-०२४६, उत्प्रेषण परमादेश समेत, *मौजेलाल राउत भेडिहर वि. रामाकान्त राउत समेत*

समयमा फैसला कार्यान्वयन हुन सकेन भने फैसला जतिसुकै राम्रो भए पनि समष्टिमा पक्षले न्यायको फल अनुभूति गर्न पाउँदैन। न्यायको फल फैसला कार्यान्वयनबाट मात्र प्रत्याभूति हुने हुँदा अदालत सदैव फैसला कार्यान्वयनको पक्षमा रहनु पर्दछ। फैसला कार्यान्वयनको क्रममा गम्भीर कानूनी त्रुटि भएको अवस्थामा वाहेक सानातिना कुराका पछि लागी फैसला कार्यान्वयन ढिला गर्दा न्यायप्रतिको जनताको आस्थामा ह्रास आई अन्त्यमा न्यायपालिकाप्रति नै विश्वास टुट्न जान सक्छ। अन्तिम भएर रहेका फैसलाको कार्यान्वयन सामान्यतया रिट क्षेत्रबाट हस्तक्षेप गर्न नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन २१ रोज ६ शुभम्

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०८५७, उत्प्रेषण, *कृष्णबहादुर डंगोल वि. भूमिसुधार कार्यालय काठमाडौँ समेत*

रिट निवेदकले आफ्नो हक अधिकारप्रति सचेत रही समयमै न्याय माग्न अदालत प्रवेश नगरी ५ वर्ष नघाई अति विलम्व गरी रिट निवेदन दायर गरेको स्थितिमा अदालतले निवेदकलाई सहयोग गर्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम्

२२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.८३६, अंश, *बाबुनन्दन तेली समेत वि. रामसुरानी तेली*

अंशियार स्वीकारी वादीको अंश भाग पुनरावेदक प्रतिवादीले बुझी लिई जिम्मा लिएको समेत देखिएपछि जिम्मा लिने पुनरावेदक प्रतिवादीमध्येका बावुनन्दन तेलीबाट वादीले अंश पाउने स्पष्ट देखिन आउँदा अन्य छुट्टि भिन्न भइसकेको पुनरावेदक प्रतिवादीहरू नन्दलाल तेली र लक्ष्मण तेलीका हकमा लिएको वादी दावी पुग्न सक्ने देखिएन ।

बण्डापत्रको लिखतमै आमाको मृत्यु भइसकेको र वादीको जन्म भएपछि वादी प्रतिवादीका बाबु नारायण तेलीको मृत्यु भइसकेको भन्ने देखिन आएबाट पुनरावेदक प्रतिवादीहरूको मागअनुसार मृत्यु भइसकेका व्यक्तिहरूको डी.एन.ए. परीक्षण गर्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल पुस २९ गते रोज ४ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको फौ.पु.नं. ८४२ एवं २०६६ सालको फौ.पु.नं. ०५५१, गाली वेइज्जती, *बाबुनन्दन तेली समेत वि. रामसुरानी तेली एवं नन्दलाल तेली वि. रामसुराती तेली*
- २०६३ सालको रिट नं.८४०, अंशबण्डा लिखत बदर, *बाबुनन्दन तेली समेत वि. रामसुरानी तेली*

२३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.०६३-WO-०४८४, उत्प्रेषण, *न्हुच्छे महर्जन समेत वि.भूमिसुधार कार्यालय काठमाडौँ समेत*

निवेदकलाई घर भएतर्फ जग्गा पर्ने गरी छुट्याएको कार्यबाट अन्याय पर्न गएको भन्ने देखिन नआउँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) का अनुसार मोही लागेको जग्गा बाँडफाँड गर्दा जग्गाधनी र मोहीलाई आधा आधा हुने गरी नरमकरम मिलाई बाँडफाँड गर्नुपर्ने व्यवस्था भएको र दावीको कि.नं. ४ को जग्गाको पश्चिमपट्टि बाटो भै पश्चिमतर्फको बाटोमा मोही र जग्गाधनी दुवैलाई छुट्याएको जग्गा जोडिने गरी बाँडफाँड गर्ने भनी भएको निर्णयमा कानूनी त्रुटि वा अधिकारको दुरुपयोग गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल वैशाख १५ गते रोज ४ शुभम्

२४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६२ सालको विविध नं. १५१, अदालतको अपहेलना, *सुन्तली महत समेत वि. वालाजु कपडा उद्योग लिमिटेड समेत*

अदालतका आदेशहरू जारी भएपश्चात् बालाजु कपडा उद्योग लिमिटेडलाई खारेजीमा लैजानका लागि लिक्वीडेटर नियुक्त भै कम्पनी खारेजीमा लैजाने प्रक्रिया प्रारम्भ भै कार्य अगाडि बढेको अवस्थामा उद्योगको अस्तित्व नै समाप्त हुने भएपछि निवेदिकालाई पूर्ववत रुपमा काममा लगाउने सम्भावना रहे भएको देखिँदैन । आदेशको पालना गर्न स्वाभाविक अवस्था र परिस्थितिका कारण नै सम्भावना नरहे नभएको प्रमाणित भएको देखिँदा विपक्षहरूको मनसाय अदालतको आदेशको अवज्ञा गर्ने रहेको भन्ने कुरालाई स्वीकार गर्न नसकिने ।

प्रत्येक कामदार कर्मचारीले काम गरेको अवधिको कानूनले निर्धारण गरेबमोजिमका तलव भत्तालगायतका अन्य सुविधा पाउनु निजको नैसर्गिक हक भएकाले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रलेखहरू तथा हाम्रो संवैधानिक एवं कानूनी व्यवस्थाले पनि उचित र समान पारिश्रमिक पाउने हकलाई नागरिकको मौलिक एवं कानूनी हकको रुपमा प्रचलन गराउन पाउने दर्जामा राखेको अवस्थामा निवेदिकाहरूले विपक्षी बालाजु कपडा उद्योग लिमिटेडमा काम गरेको अवधिको तलव भत्तालगायतका अन्य सुविधा पाउनु पर्छ भन्नेमा विवाद हुन नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम्

२५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६१ सालको फौ.पु.नं. ३०५१, साधक नं.२४४, कर्तव्य ज्यान, *चम्पादेवी राजवंशी वि. नेपाल सरकार, नेपाल सरकार वि. चम्पादेवी राजवंशी*

अदालतमा वयान गर्दा आरोपित कसूरमा इन्कार रही वारदातका दिन विराटनगर स्थित हाटखोला प्रहरी चौकीमा हिरासतमा भएको भनी अन्यत्र रहेको Ailbi लिएको देखिन्छ । निजलाई प्रहरी हिरासतमा राखिएको भनी प्रमाणित गर्ने प्रहरी नायव निरीक्षकलाई झूठा कागज तयार पारेको भन्ने अभियोगमा नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट निर्णय भएको देखिनाले निजको Ailbi लाई ग्रहण गर्न नसकिने ।

प्रतिवादीको मौकाको वयानबाट भूमि भन्ने उमेशचन्द्र राजवंशी मृतक जतनसरीलाई मार्ने कार्यमा संलग्न रही करेन्ट लगाएको कुरा खुल्न आएको, मृतकको मृत्यु अन्य कारणबाट भएको भनी लेखाउन नसकेको र करेन्टबाट नै मृतकको मृत्यु भएको भनी सुनेको कुरा प्रतिवादीको स्वीकारोक्तिले प्रतिवादीको मृतकलाई मार्ने कार्यमा संलग्नता रहे भएको प्रमाणित हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम्

२६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री गिरीशचन्द्र लाल,** रि.पु.इ.नं. ०६५-WO-०९०३, उत्प्रेषण समेत, *ध्रुवप्रसाद वाग्ले समेत वि. नेपाल राष्ट्र बैंक के.का. समेत*

पुनरावेदन अदालतको आदेशअनुरूप लिक्वीडेटर समेत नियुक्ति भै दामासाहीसम्बन्धी ऐन, २०६३ बमोजिम कम्पनी खारेज हुँदा गर्नुपर्ने काम प्रारम्भ भैसकेको अवस्थामा निवेदकहरूले सोही मार्गबाट उपचार प्राप्त गर्न सक्ने ।

नेपाल विकास बैंक खारेज गर्ने आदेश नै जारी भैसकेको अवस्था देखिँदा सो अघि सोधनी गरिएको स्पष्टीकरणको वैधतामाथि चुनौती दिई दायर भएको रिट निवेदनको औचित्य नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्

- यसै प्रकृतिको २०६५ सालको दे.पु.नं. ०६५-CI-०४८४- निर्णय बदर, *नेपाल विकास बैंक लि. वि. नेपाल राष्ट्र बैंक के.का. समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२७**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं.८९३०, ८९३२, अंश चलन, *सन्तोषकुमार साह वि. मोति साह भन्ने सोनेलाल साह समेत*

मुलुकी ऐन अंशबण्डाको १८ नं. मा मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलका खेती, उद्योग, व्यापार व्यवसायबाट बढे-बढाएको आर्जन र लेनदेन व्यवहारको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ भन्ने कानूनी व्यवस्था भएको र प्रमाण ऐन, २०३१ को दफा ६(क) मा एकाघर सँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भन्ने अनुमान गरिनुपर्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा निजी आर्जनको भन्ने कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नआएकाले विवादित जग्गा र सो जग्गामा भएको घर ट्वाइलेट समेत सगोलका सबै अंशियारहरूको समान अंश हक लाग्ने सम्पत्ति हो भनी मान्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २९ गते रोज १ शुभम्

- यसै लगाउको २०६१ सालको दे.पु.नं.८९३१, अंश चलन, *मोती साह भन्ने सोनेलाल साह वि. बेलीदेवी साह समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं. WO-०१३५, उत्प्रेषण, *बैरिया शिव मठ पर्सा वि. गुठी संस्थान के.का. समेत*

आफ्नो हक अधिकारप्रति सजग भै समयमै हक अधिकार प्रचलनका लागि अदालतमा उपस्थित नहुने पक्षलाई विलम्वको सिद्धान्तका आधारमा निवेदकलाई सहयोग गर्न नसकिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल वैशाख १० गते रोज ६ शुभम्

२९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ००५१, बन्दी प्रत्यक्षीकरण, *आशिष अग्रवाल (दिनोडिया) को हकमा सुनिता अग्रवाल (दिनोडिया) वि.प्रहरी प्रधान कार्यालय समेत*

निवेदकलाई कानूनबमोजिम थुनुवा पूर्जी दिई मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानको लागि थुनामा राखेको भन्ने प्रमाणित हुन आएकोले मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम्

३०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०६४१, उत्प्रेषण,

परमादेश, *अशोक साह वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

उमेरका हदका कारण फैसला हुँदा सेवा अवधि नै समाप्त भैसकेको कारण पदमा वहाल हुन नसकेकोले पदमा वहाल नै नभएको भन्ने आधारमा सुविधाबाट वञ्चित गर्नु न्यायोचित हुँदैन। ऐनको मनसाय पनि त्यस्तो नभै ऐन कानूनको व्यख्या गर्दा संकुचित होइन, फराकिलो र उदार गर्नुपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम्

३१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको विविध नं. १३०, अदालतको अपहेलना, *मधुबहादुर रायमाझी वि. जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.समेत*

अपहेलना गर्ने मनसायले ढिलाई गरेको हैन, मिति २०६१।१२।१८ को आदेशलाई उच्च सम्मान गर्दै फैसला कार्यान्वयनलाई आवश्यक पर्ने रकम संकलनका लागि व्यवस्थापनबाट आर्थिक स्रोत संकलनका प्रक्रियाहरू शुरु भैसकेकाले उक्त आदेशानुसार तिर्नुपर्ने रकम आजका मितिबाट तीन महिनाभित्र तिर्नेछु भनी प्रतिवद्धता व्यक्त गरेको स्थितिमा निवेदनको निरन्तरताको औचित्य रहिरहेको नदेखिँदा निवेदन तामेलीमा राख्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल वैशाख ५ गते रोज १ शुभम्

३२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं.००७६, परमादेश, *स्वास्थ्य सेवा विभाग वि.मञ्जू बास्तोला*

स्वास्थ्य सेवा नियमावली, २०५५ को दोस्रो संशोधन २०६१ ले सहायक पाँचौं तहलाई अप्थल्मोलोजी समूहअन्तर्गत सि.अ.न.मी पद निर्धारण गरिसकेको स्थितिमा निवेदन दावी कानूनसम्मत नै देखिन आयो। त्यसैगरी लक्ष्मण थापा विरुद्ध स्वास्थ्य मन्त्रालय (२०६१ सालको रिट नं. ३२, आदेश मिति २०६२।८।३०) भएको रिट निवेदनमा सहायक पाँचौ तहलाई सि.अ.हे.व. पद प्रदान गर्ने गरी सिद्धान्त प्रतिपादन भैसकेको स्थितिमा निवेदकलाई पनि मागबमोजिम सि.अ.न.मि. पद प्रदान गरी पदस्थापन गर्नुपर्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १२ गते रोज ५ शुभम्

३३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं.६८६, निषेधाज्ञा, *गोपाल मानन्धर वि. अम्बिका मानन्धर*

दुवै पक्षले आफनो दावी तथा जिकीरको समर्थनको लागि फोटोहरू प्रस्तुत गरे पनि यी फोटा यही जग्गाको हो भन्ने पुष्टि भएको नदेखिएका तथा निषेधाज्ञाको निवेदनमा थप प्रमाण बुझी औचित्यतामा प्रवेश गरी प्रमाणको विवेचना गर्न आवश्यक नठानिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल चैत १२ गते रोज ५ शुभम्

३४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०९८३, उत्प्रेषण परमादेश, *राजलाल यादव वि. जिल्ला शिक्षा समिति सिराहा समेत*

जिल्ला शिक्षा समिति, कानूनबमोजिम गठन हुने सार्वजनिक संस्था हो। यस्तो संस्थाले गर्ने हरेक काम कानूनअनुकूल हुन पर्छ। यस्तो संस्थाले वैठक बस्नु पर्दा सबै सदस्यलाई बैठक हुने स्थान, मिति र छलफल हुने विषय (Agenda) सहित अग्रीम जानकारी समयमा नै उपलव्ध गराउनु पर्छ। समितिमा बोलाउँदा नआउने गरेको भन्ने आधारमा जानकारी नदिई वैठक वस्न हुँदैन। प्रत्येक वैठकको जानकारी सबै सदस्यलाई दिनुपर्ने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम्

३५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं.२५५४, परमादेश, *रामबहादुर सार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) ले यस अदालतको असाधारण अधिकारको उपचार तथ्य नलुकाई सफा हात लिई आएका Genuine पीडितहरूको हकको रक्षाको लागि हो। निवेदकहरूले सञ्चालक समितिको निर्णयबमोजिमको पाउने सुविधा कानूनबमोजिम पाउने हक भएकाले उक्त निर्णयअनुसारको रकम नदिएको भए वा कसैलाई दिने कसैलाई नदिने गरेको भए मौलिक हक हनन् हुन गएको ठानी अदालतले हस्तक्षेप गर्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल फागुन २३ गते रोज १ शुभम्

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको रिट नं.३२४६, परमादेश, *रामहृदय साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६१ सालको रिट नं.३२००, परमादेश, *धनिकलाल ठाकुर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६१ सालको रिट नं.२९२३, परमादेश, *गोपाल श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६१ सालको रिट नं.२९१५, परमादेश, *सीयाराम ठाकुर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६३ सालको रिट नं.०३२४, परमादेश, *उद्धवप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

३६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ९७२३, शेयर विवाद, *मोनाल रिसोर्ट प्रा.लि. कास्की वि. मोनाल रिसोर्ट प्रा.लि. समेत*

संयुक्त लगानी सम्झौताको उल्लंघन भयो भनी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७ अनुसारको प्रक्रिया पुऱ्याई मध्यस्थसमक्ष दावी पेश गर्दा अन्य दावीका अतिरिक्त क्षतिपूर्ति भराई पाउने दावी पनि लाग्न सक्दछ। यस्तो अवस्थामा उपचार रोज्ने र विवाद समाधान गर्ने संयन्त्र (Forum) अदालत वा मध्यस्थ के हुने भनी रोज्ने अधिकार दावीकर्ता वा उजूरकर्ताको स्वेच्छा वा छनौटमा भर पर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल माघ १९ गते रोज ५ शुभम्

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री गौरी ढकाल,** २०६२ सालको रिट नं.३८६४, उत्प्रेषण परमादेश, *सर्भिङ माइण्डस् प्रा.लि. वि. श्रम अदालत समेत*

श्रम कार्यालयबाट प्रेषित निर्णयको व्यहोरा सहितको जनाउपत्र रिट निवेदकले प्राप्त गरेपछि फैसलाको व्यहोरा जानकारी भएन भन्ने रिट निवेदकको जिकीर तर्कसंगत नदेखिने ।

फैसलाको जनाउ दिनुको तात्पर्य उक्त फैसलामा चित्त नबुझेमा पुनरावेदन गर्नका लागि समेत हो। तसर्थ रिट निवेदकले श्रम कार्यालयको पत्रबाट निर्णय व्यहोरासहितको कार्यालयको निर्णयको जानकारी पाएकोमा सो जानकारी पाएको मितिबाटै म्यादभित्र पुनरावेदन दायर गर्नुपर्नेमा नगरी पछि सो निर्णयको नक्कल सारी लिई सो मितिलाई फैसलाको जानकारी पाएको मिति कायम गरी दायर गरेको पुनरावेदनपत्र हदम्यादभित्रको देखिन नआउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल पुस २१ गते रोज ३ शुभम्

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं.०२८८, निर्णय दा.खा. दर्ता बदर, *श्याम मानन्धर वि. नेशनल फाइनान्स कं. लि. समेत*

विपक्षी नेशनल फाइनान्स कम्पनी लिमिटेडले कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्नो नाममा सुरक्षण रहेको सम्पत्ति कि.नं. ३१ को घरजग्गा लिलाम गर्दा अन्य कसैको सकार नगरेकोमा आफैले सकार गरी दा.खा. गरेको कुरालाई गैरकानूनी भन्न नमिल्ने हुँदा निर्णय बदर गरिपाऊँ भन्ने समेतको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम्

- यसै लगाउको २०६१ सालको रिट नं.३२४६, परमादेश, *रामहृदय साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं.०४६०, अंश, *सीतलप्रसाद लौनिया समेत वि.मगरु लौनिया*

भूमिसम्बन्धी कानूनको प्रयोजनार्थ आ-आफ्ना नाउँमा भएका सम्पत्तिको लगत भरेको र एउटै व्यक्तिबाट एउटै कित्ता जग्गा विभिन्न अंशियारले छुट्टाछुट्टै राजीनामा पास गरेको कार्यले मात्र निजहरू अंशबण्डाको ३० नं. बमोजिम व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको भन्न मान्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम्

- यसै लगाउको २०६३ सालको दे.पु.नं.०४६१, अंश, *सीतलप्रसाद लौनिया समेत वि.रमाकान्त लौनिया* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं.०५५६, कीर्ते जालसाज, *जगतबहादुर सिंह वि. मीनबहादुर सिँह*

कीर्ते कागजको महलअन्तर्गतका विवादमा काम भए गरेका मितिले २ वर्षभित्र नालेस दिनुपर्ने भनी सोही महलको १८ नं. मा व्यवस्था भएको पाइँदा प्रस्तुत मुद्दामा २०४५ सालमा भए गरेका काम कारवाहीविरुद्ध २०४९ सालमा काम भए गरेको मितिले २ वर्षको हदम्याद नघाई फिराद परेको देखिँदा प्रस्तुत फिराद हदम्यादभित्र परेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं.८६५५, दा.खा.बदर, *जगतबहादुर सिँह वि. मीनबहादुर सिँह*
- २०६१ सालको दे.पु.नं.८६५६, दा.खा.बदर, *जगतबहादुर सिँह वि. मीनबहादुर सिँह*
- २०६४ सालको दे.पु.नं.०७०९, नापी निर्णय बदर, *जगतबहादुर सिँह वि. मीनबहादुर सिँह*

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं.६२, कर्तव्य ज्यान, *राजकुमार थापा वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दावी पुष्टि समर्थन हुन नसकेको अवस्थामा यस अदालतबाट विपक्षी झिकाउने गरी भएको आदेशसँग असहमत हुने अवस्था भएन । यसर्थ प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहराएको शुरु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा उल्टि हुने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

इति संवत् २०६६ साल मंसिर १० गते रोज ४ शुभम्

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२-CI-८५२३, हक कायम, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.गुठी संस्थान, केन्द्रीय कार्यालय समेत*

गुठी तहसिल तथा खर्च कार्यालयको निर्णय मिसिल संलग्न लगत प्रतिलिपिबाट विवादित जग्गा राजगुठीअन्तर्गतको भनी देखिन आएको र उपयुक्त तथ्यलाई पुनरावेदिकाले अन्यथा भन्न नसक्नुका साथै खण्डन गर्ने प्रमाण समेत प्रस्तुत गर्न नसकेको अवस्थामा विवादित जग्गा इष्ट देवता निजी गुठीको लगतबाट भिड्ने भने तापनि निजले सो निजी गुठीको लगत पेश गर्न नसकेको अवस्थामा विवादित जग्गालाई निजी गुठी अन्तर्गतको मान्न नमिल्ने ।

गुठी संस्थान ऐन, २०३३ को दफा २६ बमोजिम समेत राज गुठीको जग्गामा गुठी संस्थानको पूर्ण स्वामित्व भई खास जोताहा किसानले मोहियानी हक प्राप्त गर्ने अवस्था हुँदा विवादित जग्गामा वादीको हक स्थापित हुन नसक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२-CI-८५२४, हक कायम समेत, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.उद्धवसिँह सिलवाल*
- २०६२-CI-८५२५, निर्णय बदर, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि. गुठी लगत तथा तहविल कार्यालय काठमाडौं समेत*
- २०६२-CI-८५२६, निर्णय दर्ता बदर, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि. गुठी लगत तथा तहसिल कार्यालय काठमाडौं समेत*
- २०६२-CI-८५२७, जग्गा दर्ता, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.प्रदिम्न सिँ सिलवाल समेत*
- २०६२-CI-८५२८, घर भत्काई पाऊँ, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.उद्धवसिँह सिलवाल*
- २०६२-CI-८५२९, घर भत्काई पाऊँ, *शिवहरि पाध्या अधिकारीको मु.स.गर्ने मेनुका अधिकारी वि.प्रदिम्न सिँह सिलवाल*

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको ०६३-WO-१०३१ उत्प्रेषणयुक्त परमादेश, *प्रेमबहादुर भन्ने कृष्णबहादुर महर्जन वि.पाटन अस्पताल समेत*

आफूले जागिर खाँदा भर्नु पर्ने वैयक्तिक विवरणमा जनिएको सबै विवरण ठीक दुरुस्त र सत्य साँचो रहेको भनी आफैंले सहिछाप गरिदिएको अवस्थामा अन्य विवरणलाई अन्यथा नभनी सिटरोलमा जन्ममिति अरुले लेखिदिएको कुन लेखिदिए थाहा भएन भन्ने निवेदकको भनाई औचित्यपूर्ण र विश्वासयोग्य नदेखिने ।

निवेदक स्वंयले नोकरीमा प्रवेश गर्दाको अवस्थामा भरी पेश गरेको वैयक्तिक विवरणमा आफ्नो जन्ममिति २००३ साल भनी उल्लेख गरेको तर पछि बनाएको नागरिकतामा सो भन्दा पृथक मिति उल्लेख गरी आफ्नो जन्ममिति अर्कै हो र मेरो सेवा निवृत्त हुने उमेर बाँकी छ भनी भन्न नमिल्ने ।

पछि बनाई पेश गरिएको नागरिकतामा उल्लेख भएको जन्ममितिबाट सेवा निवृत्त हुने समय निर्धारण हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरःअमिररत्न महर्जन

इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम्

- यस्तै प्रकृतिको २०६३ सालको ०६३-ध्इ-१०३२, उत्प्रेषणयुक्त परमादेश, *हर्कबहादुर लामा वि. पाटन अस्पताल* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं.३७४०, जबरजस्ती करणी, *नेपाल सरकार वि. दिनेश दाहाल*

विद्यालयमा रहेको उमेरसम्बन्धी अभिलेख वारदात भइसकेपछि सिर्जना हुन सक्ने र कतिपय अवस्थामा सत्य तथ्यमा समेत हस्तक्षेप हुन सक्ने हुँदा यसलाई भरपर्दो प्रमाणको रुपमा ग्रहण गर्न सकिन्न र अन्य प्रमाणले समर्थन गरेको अवस्थामा मात्रै प्रमाणको लागि ग्राह्य मान्न सकिन्छ । उमेर सम्बन्धी विवादास्पद अवस्थामा वैज्ञानिक परीक्षणलाई नै आधार मान्नुपर्ने ।

नियमित प्रक्रियाको रुपमा कानूनबमोजिम भएको जन्मदर्ताको प्रमाणको अभावमा विद्यालयको अभिलेख तथा प्रतिवादीको भनाइलाई वैज्ञानिक परीक्षणद्वारा निकालिएको निष्कर्षले समर्थन गरेको अवस्थामा मात्रै प्रमाणमा ग्राह्य मान्न सकिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम्

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३-WO-०९९७, उत्प्रेषण परमादेश, *गोपाल विश्वकर्मा वि. धनबहादुर सुनुवार समेत*

एक पटक फैसला कार्यान्वयन भैसकेको कुरालाई स्वीकार गरी बस्ने यी निवेदकले चलन पूर्जीअनुसार चलन नछाडेको कारणले मात्र पुनः दोस्रो पटक चलन चलाई पाऊँ भनी परेको निवेदनमा भएको काम कारवाहीउपर परेको प्रस्तुत रिट निवेदनबाट फैसला कार्यन्वयन भइसकेको विषयमा हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

इति संवत् २०६६ साल पुस १७ गते रोज ६ शुभम्

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-WO-०२४२, उत्प्रेषण, *मनोजकुमार दास वि. शिक्षा मन्त्रालय समेत*

शिक्षा मन्त्रालय छात्रवृत्ति शाखाले प्रकाशित गरेको नामावलीमध्ये मधेशी र दलितमा आफ्नो नाम प्रकाशित भएको हुँदा मधेशी दलितमा स्वतः आफ्नो नाम समावेश हुनुपर्ने भनी निवेदकले तर्क लिएको भए पनि दरखास्त फाराम भर्दा नै प्रतिस्पर्धाको लागि चयन नगरेको र दावी नलिएको आरक्षण समूहअन्तर्गत छनौट हुन पाउनु पर्छ भन्ने तर्क मुनासिव नदेखिने ।

निवेदकले विपक्षी मधेशी दलित समुदायका व्यक्ति होइनन् भनी जिकीर लिएको भए पनि निज कुन समुदायका व्यक्ति हुन् र निजले प्राप्त गरेका प्रमाणपत्र सही हुन होइनन् भनी रिट क्षेत्रबाट बुझ्ने एवं प्रमाणीकरण गर्न सकिने अवस्था हुँदैन । आधिकारिक निकायबाट निजले प्राप्त गरेका प्रमाणपत्रहरू बदर नभएसम्म सही सत्य नै हुन भनी मान्नुपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६६ साल माघ २० गते रोज ४ शुभम्

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६५-CR-००३८ र ००४८ कर्तव्य ज्यान, *शिव गर्बुजा वि. नेपाल सरकार, नेपाल सरकार वि. गुनबहादुर पूर्जा समेत*

मिसिल संलग्न प्रमाणहरू जाहेरी दरखास्त, घटनस्थल मुचुल्का, लाश जाँच मुचुल्का, मौकामा कागज गर्ने प्रत्यक्षदर्शी साक्षीहरूको भनाइ एवं वकपत्र, शव परीक्षण प्रतिवेदन, वरामदी मुचुल्का समेतबाट प्रतिवादीहरूले मौकामा अधिकार प्राप्त अधिकारीका समक्ष एक अर्कालाई पोल गरी दिएको साविती वयानलाई समर्थन गरिरहेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम्

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५-CR-०३७३, वन जंगल फडानी समेत, *नेपाल सरकार वि. गिरीप्रसाद तिमिल्सिना*

शुरुमा लिएको दावीप्रति अडिग रही आफूले लिएको दावीलाई प्रमाणित गर्ने भार वादी पक्षको हुनेमा आफ्नो दावीलाई प्रमाणद्वारा पुष्ट्याई नगरी यस अदालतसमक्ष पुनरावेदन पत्रसम्म दायर गरी आफ्नो दावी जिकीरलाई प्रतिरक्षा गर्न वहसको क्रममा उपस्थित समेत नभएकाले अभियोग माग दावीमा सीमित रही अदालतले फैसला गर्नुपर्ने हुँदा आफूले लिएको दावीलाई वादी पक्षले पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीले सरकारी वन फडानी गरेको रहेछन् भनी बोल्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम्

## इजलास नं. ७

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको फौ.पु.नं.CR-०१५३, अदालतको अपहेलना, *राधाकुमारी रायमाझी (ढकाल) वि. शकुन्तला पौडेल समेत*

निवेदिकाले आफू अस्थायी शिशु शिक्षिकाको रुपमा ६ महिनाको लागि नियुक्ति गरिएको भन्ने कुरामा विवाद देखाएको छैनन् भने म्याद समाप्त भई निवेदिको नै विद्यालयमा अनुपस्थित भएको भएपछि अस्थायी ६ महिनाको अवधि सकिने वित्तिकै निज स्वतः पदमुक्त भएको अवस्थामा विपक्षीहरूले अदालतको अपहेलना गरे भन्ने निवेदिकाको दावी खम्बीर हुन नसक्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको फौ.वि.नं. CR-०१५६, अदालतको अपहेलना, *राधाकुमारी रायमाझी (ढकाल) वि. शकुन्तला पौडेल समेत*

विद्यालय जस्तो सामाजिक संस्थामा स्वेच्छिक रुपमा समितिमा रही काम गर्ने अभिभावकहरूलाई यति नै रकम दिनु पर्दछ भनी बाध्य गर्नु न्यायोचित नहुनुको साथै निवेदिका नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरत नरहेको अवस्थामा सोअनुसार रकम निजलाई दिन नसक्ने भई समितिले आफ्नो हैसियतअनुसार पारिश्रमिक दिने गरेको कानून र न्यायका मान्य सिद्धान्त विपरीत मान्न नमिल्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

३

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. २५८, निषेधाज्ञा, *राधाकुमारी रायमाझी (ढकाल) वि. चित्रसेन रा.प्रा.वि.विद्यालय व्यवस्थापन समेत*

कुन शिक्षकलाई नियुक्ति गर्ने कसरी काममा लगाउने भन्ने विषय विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनको हो रिट क्षेत्रबाट यो नै निर्णय गर्नु पर्दछ भनी निर्देशन गर्नु न्याय र कानूनसंगत नहुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको २०६४ सालको दे.पु.नं.२७०, निषेधाज्ञा, *राधाकुमारी रायमाझी (ढकाल) वि. शकुन्तला पौडेल समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं.०९३५, निषेधाज्ञा, *जन प्रभात माध्यमिक विद्यालय समेत वि. नानीदेवी मानन्धर*

अर्के व्यक्तिको जग्गालाई आफ्नोमा घुसाई नापी गर्दैमा हक स्वामित्व प्राप्त हुने होइन त्यसको लागि हकको स्रोत खम्बीर हुनु जरुरी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

५

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं.६७९, परमादेश, *अनीलकुमार पौडेल वि. डिल्लीविक्रम लिम्बू*

एउटै विषयमा पहिले नै जाहेरी परी कारवाही गरी मुद्दा अदालतमा विचाराधीन रहेको भए पनि जाहेरी दर्ता गरी सोहीअनुसार प्रक्रिया पूरा गरी उक्त जाहेरीको टुंगो लगाउनलाई कुनै कानूनले नरोकेको अवस्थामा सनाखतका लागि जो जे गर्नुपर्ने आवश्यक कानूनी प्रक्रिया पूरा गरी निवेदकले दिएको जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम अग्रीम कार्य गराउनु भनी जिल्ला प्रहरी कार्यालयको नाममा परमादेशको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालतको आदेश अन्यथा गर्नु नपर्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

६

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं.१७१, निषेधाज्ञा परमादेश, *सीतादेवी घर्ती वि. विद्यालय व्यवस्थापन समिति, रा.प्रा.वि. कल्याणपुर समेत*

शिक्षा नियमावलीले गरेको व्यवस्थाअनुसार विद्यालयसँग स्रोत उपलब्ध हुन नसकेको अवस्थामा बढी तलव खुवाउनु पर्दछ भन्नुको औचित्य नदेखिने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

७

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०४१५, ठगी, *नेपाल सरकार वि. बिना पुन मगर*

लिखत प्रमाणसमेतका अभावमा जाहेरवालीको मौखिक भनाइको भरमा ठगी गरेको जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा प्रतिवादीलाई विना प्रमाण आरोपित कसूरमा दोषी ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः उद्धव गजुरेल

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम्

८

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं.८९५६, परमादेश, *शैलेन्द्रकुमार ठाकुर वि. जनकपुर चुरोट कारखाना लिमिटेड*

पक्षहरू बीच स्वेच्छामा भएको दृष्टिवन्धकको लिखत बदर गराउने र दाखिला गरेको रकम फिर्ता गराउन बाध्य गराउने कानूनी प्रावधान निवेदकले निवेदनमा खुलाउन सक्नु भएको देखिदैन । अदालतबाट भएको आदेशबमोजिम जेथा जमानी राखिसकेपछि दोहोरो रकम दाखिला भयो भन्ने सम्बन्धमा पनि भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालतबाट आदेश हुँदा अभियोग दावीबमोजिमको बिगो नगद र जेथाको रुपमा दाखिला गरिसकेको भन्ने कुरालाई समेत दृष्टिगत गरी जमानतको आदेश भएको देखिँदा दोहोरो रकम दाखिला भयो भन्ने दावी आधारहीन देखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम्

९

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको फौ.पु.नं.३२५०, भ्रष्टाचार, *शैलेन्द्रकुमार ठाकुर वि. नेपाल सरकार*

चुरोट विक्रीको रकम बुझ्ने जिम्मेवारी आर्थिक शाखाको भएकोले प्रबन्धकको पदमा भएको प्रतिवादीलाई दोषी बनाउन पाइदैन भन्ने जिकीर तथ्यसंगत नदेखिने ।

स्वयं प्रवन्धक रही आफ्नो जिम्माको स्टक चुरोट चेक जाँच गर्दा अपुग देखिएको भनी दावी गरिएको रकम सम्बन्धमा पनि भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३(१) अनुसार भ्रष्टाचारको कसूर गरी प्रतिवादीले हिनामिना गरेको मान्नुपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम्

१०

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं.CR-००७४, कर्तव्य ज्यान, *लक्ष्मीदेवी विष्ट वि.नेपाल सरकार*

देवर भाउजू नाताका प्रतिवादीहरू बीच अनैतिक सम्बन्ध रही बच्चा जन्मिएको र दुवैको सल्लाहअनुसार मारी फालेको भन्ने मिसिलको अध्ययनबाट देखिइरहेको अवस्थामा नवजात शिशुलाई मारी फाल्ने कार्यमा प्रतिवादीको कुनै भूमिका थिएन भन्न नमिल्ने ।

प्रतिवादीको रुपमा उपस्थित गराइएकी महिलाले आफैले गर्भधारण गर्नुपर्ने र बच्चा जन्माउनु पर्ने वाध्यता हुँदा निजले सजायको भागी हुनुपर्ने तर त्यसरी अवैध यौन सम्पर्क गरी गर्भधारण गराउने तथा जन्मेको जातक बच्चालाई स्याहार संभार नगरी बालकको वाँच्न पाउने अधिकारबाट समेत वञ्चित गरी मारी फाल्न सहयोग गर्ने व्यक्ति चाँहि कुनै गल्ती नै नगरेको भने जस्तो गरी न्याय प्रक्रियाबाट उन्मुक्ति दिइनु न्यायोचित नदेखिने ।

कसूर गर्दाको अवस्थामा दुवै प्रतिवादीहरू वरावर भागिदार भएको अवस्थामा एउटा पक्षले ज्यान मुद्दा जस्तो गम्भीर प्रकृतिको अपराधमा सजाय भोग्नु पर्ने अर्को पक्ष भने यही समाजमा कानूनको दायराबाट उन्मुक्ति पाउने अवस्था रहनु कानून र न्यायको दृष्टिमा कदापि शोभनीय हुँदैन । त्यसैले यस्ता प्रकृतिका मुद्दाहरूमा अदालत तथा अभियोजन पक्ष विशेष सजग हुनुपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्

११

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री सुशीला कार्की,** २०६५-CR-००४९ एवं ००८०, कर्तव्य ज्यान, *कुमार विश्वकर्मा वि.नेपाल सरकार, नेपाल सरकार वि.जीवन भण्डारी*

प्रतिवादी स्वयंको घाँटी थिची मारेको भन्ने वयान तथा लाश जाँच मुचुल्का मृतकको घाँटी कालो नीलो अवस्थामा रहेको भन्ने व्यहोरा तथा संकलित परिस्थितिजन्य प्रमाणहरूलाई पन्छाई यकीन नभई व्यक्त गरेको चिकित्सकको राय (Possible cause) लाई मात्र अकाट्य प्रमाणको रुपमा लिन नमिल्ने ।

अवैध शारीरिक संसर्गबाट जन्मिन गएको अनिच्छित बच्चा समाजलाई जानकारी हुन गए आफ्नो सामाजिक मर्यादामा आघात पर्ने भएको कारणले लोकलाजबाट बच्नको लागि जन्मेको जीउँदो वच्चालाई मारेको भन्ने देखिँदा प्रतिवादीलाई पूरा सजाय सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम ३ (तीन) वर्ष कैद हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्

## इजलास नं. ८

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४-WO-०५४०, उत्प्रेषण प्रतिषेध समेत, *मैया अधिकारी वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदिकासमेतको निर्विवाद हकभोगको सम्पत्ति सार्वजनिक हितको लागि अधिग्रहण गर्दा मुआव्जाबापत सम्पत्तिको मनासिव क्षतिपूर्ति दिनुपर्ने स्थापित मान्यता भएकाले निवेदनउपर गृह मन्त्रालयबाट निर्णय भएको नपाइँदा तुरुन्त पुनर्विचार गरी यथाशीघ्र निर्णय गरी निवेदिकालाई जानकारी दिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको २०६३-WO-१०५७ उत्प्रेषण प्रतिषेध, *नरकुमार आले मगर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको दे.पु.नं.२०६ (२०५३ को ३७१०), लेनदेन, *भुटन मण्डल मघैया धानुक वि.मधुरीप्रसाद यादव*

भरपाई टिपन भनिएको लिखतको एउटा किनारामा मात्र दस्तखत हुनु, पुछारमा नहुनु तथा

ल्याप्चेछाप नलगाएको कुनै तर्कसंगत कारण दिन नसक्नुको अतिरिक्त सो कागजको एकातर्फको भागमा सीधा ढंगले काटिएको देखियो भने अर्कोतर्फको भाग बाङ्गोटिङ्गो तरिकाले काटिएको अवस्था देखिँदा सो टिपनलाई वादीले प्रतिवादीबाट रकम वुझी भरपाई गरिदिएको सामान्य लिखत देखिन आउँदैन। उक्त लिखतको आकारप्रकार समेतबाट त्यो सद्धे हो भनी सहजै अनुमान गर्न नसकिने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १८ गते रोज.. शुभम्

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८४७५, मोही हक, *सुकदेव पण्डित कुम्हाल वि.गजेन्द्रलाल जोशी*

कुतवाली नबुझाएको भन्ने आधारमा मोही निष्काशन गरिपाउन वादीले जिल्ला भूमिसुधार कार्यालयमा फिराद दिएको र उक्त कार्यालयले कुतवालीसम्म भराई पाउने र मोहीलाई सुध्रने मौका दिई मोही निष्काशन नहुने भनी फैसला गरेकोमा सो फैसलाउपर वादीको पुनरावेदन पर्दा मोही निष्काशन समेत हुने ठहराई फैसला गर्दा पुनरावेदन अदालतबाट भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनले गरेको व्यवस्था अनुशरण नगरेकाले ऐनको व्यवस्था र उद्देश्यअनुरूप फैसला गर्नुपर्नेमा सोको विपरीत हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला कानूनअनुरूप भएको नदेखिने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६६ साल चैत ६ गते रोज ६ शुभम्

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको WO-०७१५, उत्प्रेषण, *सानुबाबु के.सी. वि. उद्धवबहादुर खत्री समेत*

मोहियानी लागेको जग्गा वाहेक भनी जिल्ला अदालतको फैसलाको ठहर खण्डमा स्पष्ट उल्लेख गरेकोमा त्यसको विपरीत हुने गरी फैसलाको तपसील खण्डमा मोहियानी लागेको कि.नं. बाट पनि बण्डा लाग्ने भनी बोली परे पनि त्यो क्रियाशील हुन सक्दैन र त्यत्तिकै आधारमा मोहियानी लागेको जग्गामा पनि वादीले अंश पाएको भनी अर्थ गरी निजको नाममा मोहियानी नामसारी गर्न नमिल्ने ।

मानो छुट्टिएको मितिपश्चात् निवेदकको नाममा मोही हक कायम हुन आएको जग्गा पनि बण्डा लाग्छ भन्न कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम्

## इजलास नं. ९

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३६१०, लागू औषध, *नेपाल सरकार वि. बीरेन्द्रकुमार यादव*

प्रतिवेदकले अदालतमा बकपत्र गर्दा २०६१।३।२८ लागू औषध वरामद भएको भनी वकपत्र गरेको र वरामदी मुचुल्काबाट २०६१।३।२९ मा वरामद भएको भन्ने देखिँदा वरामद भएको भनेको मिति नै विवादास्पद अवस्थामा रहे भएको मान्नुपर्ने ।

अभियोगको आधार बनाइएको वरामदी मुचुल्काको वैधता नै शून्यको स्थितिमा रहेको देखिँदा त्यसैको आधारमा प्रतिवादीले कसूर गरेको भनी ठहर गर्नु न्यायसंगत र कानूनसंगत नहुने। वरामदी मुचुल्का प्रहरी कर्मचारीहरूको रोहवरमा मात्र सम्पन्न हुनुले पनि त्यसलाई प्रमाणमा ग्रहण गर्न नसकिने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम्

२

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं.

०६५-CR- ०५८८, कर्तव्य ज्यान, *हस्तमाया भन्ने शेरमाया चेपाङ समेत वि. नेपाल सरकार*

तोकिएको सजाय चर्को हुन गएको हो कि भन्ने अवस्था लागेमा अ.बं. १८८ नं. को प्रयोग गरी कानूनअनुरूप तोकिएको सजाय घटाई आंशिक छूट दिन सकिने हुँदा जस्तोसुकै अवस्थामा पनि यो यस्तो व्यवस्था आकर्षित हुन नसक्ने । यो कानूनी व्यवस्थाले सम्बन्धित पक्षको अधिकारको सिर्जना गर्ने नभई अदालतलाई सन्तुलित न्याय प्रदान गर्न सजाय निर्धारणमा विशेष अधिकार दिएको हुँदा यो व्यवस्थाको प्रयोग निर्णयकर्ताले ज्यादै संवेदनशील भै विवेकपूर्ण ढंगले गर्नुपर्ने ।

मार्ने नै मनसाय राखी साँझमा घरमा सुतेको र प्रतिकार गर्नसक्ने अवस्थामा नरहेको बेला छोराछोरीको सामुन्नेमा पालैपालो कोदालोले टाउको जस्तो संवेदनशील अंगमा पटक पटक प्रहार गरेको र सोही कारणबाट मृत्यु भएको अवस्थामा प्रतिवादीहरूको कर्तव्यमा अ.बं. १८८ नं. को व्यवस्थाअनुरूप सजायमा कमी गर्न सकिने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः उद्धव गजुरेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम्

३

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ९०१७, लेनदेन कीर्ते, *सुशीलादेवी यादव वि. मानकी यादव*

लिखतमा प्रतिवादीले सहिछाप गरेको र निजका छोराले कर्जा लिएकोमा मञ्जूर गरी साक्षी बसी तयार भएको लिखतको अस्तित्वलाई अन्यथा भन्न नसकेकाले सो लिखत करकापबाट वा झुक्याई तयार गराएको भन्ने नदेखिएको अवस्थामा प्रतिवादीको आफ्नै मञ्जूरीले तयार गरी सहिछाप गरी दिएको लिखतलाई कीर्ते कागजको ३ नं. मा उल्लिखित परिभाषाअनुरूप जालसाजी भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपकुमार दाहाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल माघ २१ गते रोज ५ शुभम्

४

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ९५३८, लेनदेन, *लक्ष्मी बल्लभ दत्त वि. सहिदा खातुन*

लिखतमा सनाखत गर्न बाँकी रहेको भन्ने देखिए पनि लिखत अघिल्लो दिनमा लेखिएको, त्यसमा रकम लिएको भन्ने बोली परेको र प्रतिवादीले सहिछाप गरिसकेको देखिँदा लिखतमा राजीनामा पारितको प्रक्रियाअनुरूप सनाखत नभएको भन्ने मात्र आधारले रकम लेनदेन नभएको भन्ने विश्वासिलो आधार नदेखिने ।

लिखत हुँदा रकम लिनुदिनु हुन पनि सक्छ र नहुन पनि सक्छ। त्यसैले लिखत हुँदाको अवस्थामा रकम लेनदेन भएको नदेखेको भनी लेखकले भन्नुले खास महत्त्व नराख्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल माघ २१ गते रोज ५ शुभम्

५

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २६०६, उत्प्रेषण परमादेश, *गंगा कार्की (रावल) वि. भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय समेत*

निवेदिकाले निवेदनमा कुनै कुरा उल्लेख नगरेको, जिल्ला अदालतमा दायर गरिएको भनिएको मुद्दा अद्यापि निर्णय भयो भएन भन्ने सम्बन्धमा वहसको क्रममा पनि खुल्न नआएको समेतका विवेचित तथ्यहरूबाट सफा हात अदालतमा प्रवेश गरेको मान्न नसकिने । निवेदिका स्वयंले दिएको निवेदनको आधारमा ६ नं. नापी गोश्वाराले मुद्दा तामेलीमा राखेको हुँदा निवेदकले स-प्रमाण सम्बन्धित निकायमा निवेदन दिई कारवाही अगाडि वढाई उपचार प्राप्त गर्न सक्ने वैकल्पिक मार्ग विद्यमान रहेको समेतबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम्

**इजलास नं. १०**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको स.फौ.पु.नं.३४२९, ३४६३, २०६४ सालको फौ.पु.नं. ३४३५, ३५००, लागू औषध, *मोहन राम वि.नेपाल सरकार, नेपाल सरकार वि. सुरेश देउवा, नवलकिशोर झा वि. नेपाल सरकार, मोहनराम वि.नेपाल सरकार*

लागू औषध बरामद भएको घर कोठा रहेको जग्गा र सोमा भएको घरसमेत जफत हुनुपर्ने भन्ने समेत वादी नेपाल सरकारको पुनरावेदन जिकीर भएकोमा प्रतिवादीले लागू औषध सेवन गर्ने गरेको पुष्टि भई निजलाई सेवन गरेतर्फ मात्र सजाय भएकोमा यस्तो अवस्थामा निजले लागू औषध विक्री वितरण, ओसार-पसार गर्न आफ्नो घर कोठामा लागू औषध सञ्चय गरेको भन्न नमिल्ने भएकाले घर जग्गा जफत गर्न न्यायसंगत नहुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम्

- यसै प्रकृतिको २०६२ सालको स.फौ.पु.नं. ३४२५, ३४३०, ३४६२, ३५०१, लागू औषध, *नेपाल सरकार वि. नवलकिशोर झा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको स.फौ.पु.नं. ०६३-CR-००६०, कर्तव्य ज्यान, *भीमबहादुर राई वि.नेपाल सरकार*

प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष भएको साविती वयान, निजको दिदीको वयान तथा मिसिल सामेल रहेका अन्य संकलित सबूद प्रमाणहरूबाट समेत समर्थित भैरहेको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम
इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं.३४०६, उत्प्रेषण समेत, *रमेशप्रसाद सर्राफ वि. नेपाल विद्युत प्राधिकरण समेत*

रिट क्षेत्रबाट उपचार माग्न आउँदा अन्य वैकल्पिक उपचारको मार्गहरूको विद्यमानता रहेको देखिनु हुँदैन, यदि सो उपचारको मार्ग भएकै भए पनि सो अपर्याप्त र प्रभावहीन रहेको भन्ने कुरा तथ्यपरक ढंगबाट स्पष्ट देखिनु पर्ने ।

थप बीलिङ गर्ने सम्बन्धमा भएको नेपाल विद्युत प्राधिकरणको निर्णयमा प्रत्यक्ष कानूनी त्रुटि वा अधिकार क्षेत्रात्मक त्रुटि रहेको भन्ने निवेदन दावी नरहेको अवस्थामा असाधारण अधिकारक्षेत्र अन्तर्गत प्रवेश गरी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम्

४

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं.८७२१, ९०५२, ९०५३, राजीनामा लिखत बदर, *नारायण भक्त लासिवा वि. मोतिमाया लासिवा समेत*

जीवनकालमा नै आफ्नो सम्पत्ति वेचविखन, दानदातव्य वा हक हस्तान्तरण गर्नु सम्पत्तिको स्वामित्वसम्बन्धी सिद्धान्त (Doctrine of ownership) को समेत विपरीत हुन जाने अवस्थामा प्रतिवादीले मिलापत्रबाट प्राप्त गरेको विवादित जग्गामा निजको स्वामित्व त्रुटिरहित रहेको र मिलापत्रको शर्तले समेत निजलाई सो सम्पत्ति पूर्ण उपभोग तथा वेचविखन, हक हस्तान्तरण गर्ने समेतका अधिकार सीमित नगरेको देखिँदा राजीनामाको लिखतलाई बदर गर्नुपर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
इति संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम्
यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्ः

- २०६० सालको फौ.पु.नं.२३, जालसाजी, *नारायण भक्त लासिवा वि. मोतिमाया लासिवा समेत*
- २०६० सालको फौ.पु.नं.२४, जालसाजी, *नारायण भक्त लासिवा वि. मोतिमाया लासिवा समेत*
- २०६० सालको दे.पु.नं.८७२२, ९०५० र ९०५१, लिखत बदर, *नारायण भक्त लासिवा वि. मोतिमाया लासिवा समेत*

५

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं.३३, निर्णय दर्ता गुठियार, *नारायण भक्त लासिवा वि. कृष्णभक्त लासिवा समेत*

भक्तपुर नगरपालिकाको सिफारिश, फिल्डबुकमा उल्लिखित व्यहोरा, मिलापत्रको शर्त समेतका प्रमाणहरूलाई मूल्याङ्कन गर्दा उल्लिखित गणेश गुठीका गुठियारामा वादी दावीबमोजिम तीनजना मात्र गुठियार कायम हुनुपर्ने भन्ने कुरा पुष्टि हुन आउँदैन । वादीले तीनजना मात्र गुठियार कायम हुनुपर्ने दावी लिएको भए पनि निजले आफ्नो दावीलाई वस्तुनिष्ठ रुपमा पुष्टि गर्ने प्रमाण गुजार्न सकेको नदेखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम्

यसै प्रकृतिको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६० सालको दे.पु.नं.३१, निर्णय दर्ता गुठियार, *नारायण भक्त लासिवा वि. कृष्णभक्त लासिवा समेत*
- २०६५ सालको दे.पु.नं.३२, निर्णय दर्ता बदर हक कायम, *नारायण भक्त लासिवा वि. कृष्णभक्त लासिवा समेत*

६

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. १००९४, लिखत दर्ता बदर, *महेन्द्र झा समेत वि. मुन्द्रिकादेवी झा समेत*

आफ्नो निर्विवाद हक भएको कानूनले आफूखुस गर्न पाउने सम्पत्तिको उपभोगमा कुनै पनि प्रकारको वन्देज लगाउने गरी गैरकानूनी रुपमा तयार पारिएको लिखतले वैधता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम्

७

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं.८४७४, लिखत दर्ता बदर, *ऐश्वरीलाल यादव समेत वि. जसरीदेवी यादव समेत*

मिलापत्रको कागजबमोजिम हक हस्तान्तरण भै गैसकेको पाँच वर्षपछि मात्रै २०५३ सालमा अंश मुद्दा दर्ता भएकाले पाँच वर्ष अगाडि नै आफ्नो हक अधिकारमाथि असर पर्ने काम कारवाही भएकोमा सोको धेरै वर्षपछि मात्र उपचार खोज्न आउने कार्यले वादीहरू आफ्नो हक अधिकारप्रति चनासो एवं सचेत रहेको समेत मान्न नमिल्ने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम्

८

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.३५८९, उत्प्रेषण परमादेश, *मेवालाल डगौरा थारू वि. भूमिसुधार कार्यालय कैलाली समेत*

आफ्नो मोहियानी हक समाप्त पार्ने निर्णयमा भएको दावी लिई रिट निवेदन गर्ने निवेदकले अदालतमा दश वर्षपछि मात्र निवेदन दर्ता गराएको देखिँदा विलम्वको सिद्धान्तबमोजिम मनासिव समयभित्र अदालतमा प्रवेश गरेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम्

- यसै प्रकृतिको २०६३ सालको रिट नं.३५९०, उत्प्रेषण परमादेश, *मेवालाल डगौरा थारू वि.*

*भूमिसुधार कार्यालय कैलाली समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.०४९९, उत्प्रेषण समेत, *हजारी पण्डित कुम्हाल वि. भूमिसुधार कार्यालय बारा समेत*

स्थानीय निकायले स्थानीयस्तरमा गाउँ सर्जमिन गरी उल्लेख गरेको राय अन्यथा प्रमाणित नभएसम्म आधिकारिक मान्नुपर्ने ।

समान मूल्य कायम हुने जग्गा नरम-गरम मिल्ने गरी कायम गरी बाँडफाँड गरिएको र निवेदकको अपूरणीय क्षति हुन गएको अवस्था पनि नदेखिँदा माग दावीअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम्

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०९८२, उत्प्रेषण परमादेश, *सकुनी पासवान वि. सीतादेवी कार्की समेत*

निवेदक स्वयंले दायर गरेको रिट निवेदनमा "टाइप" हुनुपर्नेमा "टाइट" "जिल्ला अदालत नियमावली, २०५२" हुनुपर्नेमा "२०१२" सोही हरफमा उल्लिखित मिति "२०६६।११।१७" हुनुपर्नेमा "२०६६।११।७" तथा "२०६५।११।१७" हुनुपर्नेमा "२०६५।१।१७" उल्लेख भै टाइपबाट भएका अनगिन्ति भूल प्रष्ट रुपमा देखिएकाले जिल्ला अदालतमा दर्ता भएको फिरादमा वारदात भएको भनी उल्लेख भएको विषय स्पष्टतः टाइपकै भूलबाट भएको हो भन्ने प्रथम दृष्टिमै देखिएको हुँदा सो ऐनबमोजिम टाइपको भूल वा त्रुटि सच्याउने गरी भएको पुनरावेदन अदालतको आदेश अन्यथा नदेखिने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६७ साल वैशाख १४ गते रोज ३ शुभम्

२

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०९८१, उत्प्रेषण परमादेश, *किशोरी गोदार वि. चन्द्रकला उप्रेती समेत*

पुनरावेदन अदालतको आदेशले सबै सम्पत्ति फुकुवा गरेको नभई निवेदिकाले जिल्ला अदालतमा दायर गरेका मुद्दामा निजको दावीबमोजिम हुने ठहरेको अवस्थामा समेत निजको हितमा खाम्नेसम्मको सम्पत्ति यथावत् रोक्का राखेकै पाइएको हुँदा पुनरावेदन अदालतको आदेशले निवेदकको कुनै पनि कानुनी तथा संवैधानिक हक हनन् भएको अवस्था नहुँदा निवेदिकाले उल्लेख गरे जस्तो कानूनी त्रुटि नपाइने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६७ साल वैशाख १४ गते रोज ३ शुभम्

३

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०८६२, परमादेश, *सखीचन्द्र शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूलाई अस्थायी नियुक्ति गर्ने, करारको म्याद थप गर्ने वा नगर्ने र निजहरूको सेवालाई स्थायी गर्ने वा नगर्ने भन्ने कुरा रोजगारदाता निकाय विपक्षी दुर्गम क्षेत्र विकास समितिको स्वविवेकीय अधिकारक्षेत्रभित्र पर्ने देखिएको र सो विषय न्यायिक निरुपणको विषय बन्न नसक्ने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम्

**भूल सुधार**

सर्वोच्च अदालत बुलेटिन २०६७, जेठ पहिलो, पूर्णाङ्क ४२९, पृष्ठ २७, इजलास नं. १० को १ नं. मा मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा हनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ । - सम्पादक

# ;jf]{Rr cbfnt ultljlw

## सरकारी वकीलहरूको केन्द्रीय वार्षिक सम्मेलन, २०६७ को उद्‌घाटन सत्रमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले दिनु भएको मन्तव्य

**यस कार्यक्रमका सभापति महान्यायाधिवक्ता प्रा.डा. भरतबहादुर कार्कीज्यू**
**बिशेष अतिथि माननीय कानून तथा न्यायमन्त्रीज्यू,**
**सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू,**
**नेपाल वार एशोसिएशनका अध्यक्षज्यू,**
**सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्षज्यू,**

सर्वप्रथम, सरकारी वकीलहरूको केन्द्रीय वार्षिक सम्मेलन, २०६७ को समुद्‌घाटन गर्ने अवसर मलाई प्रदान गर्नु भएकोमा आयोजक महान्यायाधिवक्ताको कार्यालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ ले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारहरू निर्धारित गर्नुका साथै सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारी वकीलहरूको भूमिका र जिम्मेवारीलाई उल्लेख गरेको छ। संविधान र कानूनबमोजिम महान्यायाधिवक्ता नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको रुपमा रहने हुँदा संवैधानिक र कानूनी प्रश्नहरूमा नेपाल सरकारलाई आवश्यक राय सल्लाह दिई सुशासन कायम गर्ने र कानूनको शासनअनुरुप सरकारका क्रियाकलाप सञ्चालन गराउने कार्यमा महान्यायाधिवक्ताको अत्यन्त ठूलो जिम्मेवारी र दायित्व रहन जान्छ।

समाजमा घट्ने प्रत्येक अपराधको अनुसन्धान गराई अपराधीलाई दण्डित गराउने विषयमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूमा विशेष जिम्मेवारी नै रहेको छ। अपराधीउपर अभियोग लगाउने, अपराध पीडितको तर्फबाट अदालतमा प्रतिरक्षा गर्ने, पीडित पक्षलाई न्याय दिलाउने र दण्डहीनताको अन्त्य गर्ने जस्ता फौजदारी न्याय प्रशासनका महत्त्वपूर्ण कार्यहरूमा सरकारी वकीलले विशेष भूमिका निभाइरहेको हुन्छ। प्रहरीले गरेको अपराध अनुसन्धानको कार्यलाई मूल्याङ्कन गरी विशेष निर्देशन दिने, अनुसन्धानलाई वस्तुनिष्ठ र यथार्थपरक बनाई प्राप्त प्रमाणका आधारमा मुद्दा चल्ने नचल्ने भन्ने विषयमा अन्तिम निर्णय गर्ने विशेष अधिकार समेत महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूमा निहीत रहेको छ। यस्तो महत्त्वपूर्ण अधिकारको प्रयोग पनि उत्तिकै सतर्कता र सजगताका साथ गरिनु पर्दछ। अपराधको अनुसन्धान र अभियोजनका बीच तालमेल नमिल्दा वा अनुसन्धान र अभियोजनमा हुन जाने सानो त्रुटिले समग्र न्यायिक कार्यमा नै प्रतिकूल असर पर्न जान्छ। केही समयअगाडिको एउटा दृष्टान्त मलाई सम्झना भइरहेको छ। अछाम जिल्लामा घटित भएको सुन्तली धामीउपरको अपराधमा वास्तविक दोषी पहिचान गरी अभियोग लगाउने कार्यमा हुन गएको कमजोरीको कारण सो घटनाको विषयलाई लिएर सञ्चार माध्यमले गलत सूचना सम्प्रेषण गरेको र त्यसबाट अदालत एवं समग्र न्याय प्रणालीप्रति नै आमजनतामा नकारात्मक सन्देश प्रवाह हुन पुग्यो। तसर्थ वास्तविक अपराधीले सजायबाट उन्मुक्ति पाउने र निर्दोष व्यक्तिले सजायको भागीदार बन्नुपर्ने स्थिति आउन नदिन सरकारी वकीलले आफ्नो जिम्मेवारीको सही प्रयोग गर्नबाट चुक्नु हुँदैन।

नेपालको अन्तरिम संविधान, नेपाल पक्ष बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी

महासन्धि १९६६, सर्वोच्च अदालतबाट स्थापित सिद्धान्तहरू तथा फौजदारी न्यायका मान्य सिद्धान्त समेतको आधारमा फौजदारी मुद्दाको अभियुक्तलाई चुप लागेर बस्न पाउने अधिकार समेत प्राप्त छ। प्रतिद्वन्दात्मक कानून प्रणाली भएको हाम्रो जस्तो देशमा अभियोग लगाइएको व्यक्तिका विरुद्ध अनुसन्धान र अभियोजन पक्षले शंकारहित प्रमाणहरू संकलन गरी अभियोगको पुष्टि गर्नुपर्ने हुन्छ। व्यवहारतः अदालतलाई ग्राह्य हुने प्रमाणहरू सरकारी वकीलबाटै प्रस्तुति र पुष्ट्याई गरिने हुँदा अनुसन्धान तहदेखि नै सरकारी वकीलको भूमिकालाई प्रभावकारी बनाई प्रहरीलाई आवश्यक निर्देशन दिने र प्रमाण हेरी मुद्दा चल्ने नचल्ने सम्वन्धमा निर्णय गर्ने अधिकार समेत ऐनले प्रदान गरेको देखिन्छ। तर विगत १९ वर्षदेखि सरकारी वकीललाई प्राप्त यो अधिकारबमोजिम अनुसन्धान र अभियोजन प्रणालीमा खासै सुधार आएको अनुभूति हुन सकेको छैन। प्रहरीसमक्षको सावितीका भरमा मात्रै मुद्दा चलाउने परिपाटीमा सुधार नआएसम्म सरकारवादी फौजदारी मुद्दाहरूमा अभियोग पुष्टि हुने अवस्था आउँदैन। अर्कोतिर, अनुसन्धानको क्रममा बुझिएका मानिसहरू अदालतमा साक्षीको रुपमा उपस्थित नहुने, उपस्थित भएका साक्षीहरूले प्रतिकूल (Hostile) वकपत्र गर्ने जस्ता प्रवृत्तिले पनि सरकार वादी मुद्दाहरूमा सरकारी वकीललाई सफलता प्राप्त नहुने स्थिति रहिआएको देखिन्छ। यसका कारणहरू पहिल्याई साक्षी प्रस्तुतिकरणको कार्यमा संवेदनशीलता देखाउन सकिएन भने पनि अपराधीले उन्मुक्ति पाउने स्थिति आउँछ। तसर्थ साक्षीको संरक्षण र प्रस्तुतीकरणका विषयमा गर्नुपर्ने सुधारतर्फ पनि यस सम्मेलनले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ।

अदालतसमक्ष दायर भएको सरकार वादी फौजदारी मुद्दा फिर्ता लिने क्रम पनि त्यत्तिकै बढेर गएको छ। कुनै खास मुद्दा विशेष परिस्थितिवस फिर्ता लिने वा सजाय माफी दिने अधिकार कार्यकारिणीकै भएपनि यो विषय अति संवेदनशील हुने हुँदा यसको प्रयोग पनि उत्तिकै सतर्कता साथ गरिनुपर्दछ। जवर्जस्ती करणी, लागूऔषध कारोवार, डकैती, ज्यान जस्ता विशुद्ध अपराधहरूमा समेत मुद्दा फिर्ता लिने प्रवृत्तिले फौजदारी न्याय प्रशासनको औचित्यमाथि नै प्रश्न चिन्ह पैदा गर्दछ। त्यसैले यस्तो अधिकारको प्रयोग गर्दा अपवादको रुपमा मात्रै गरिनु पर्दछ। सरकारको प्रमुख कानूनी सल्लाहकारको रुपमा रहेको महान्यायाधिवक्ताले विशेष चासो दिई मुद्दा फिर्ता लिने र सजाय माफी दिने प्रक्रियाको वस्तुनिष्ठ आधारतर्फ सरकारलाई ध्यानाकृष्ट गराउनु आवश्यक देखिन्छ।

नेपाल सरकार तथा सो मातहतका सरकारी निकायहरूबाट भएको कतिपय निर्णय वा कार्यको विषयलाई लिएर सर्वोच्च अदालतमा दिनहुँ रिट निवेदन पर्ने र सर्वोच्च अदालतबाट त्यस्ता सरकारी निर्णयहरू बदर भइरहेका दृष्टान्तहरू छन्। सरकारको निर्णय बदर गर्नुपर्ने अवस्था आउनुको मुख्य कारण त्यस्तो निर्णयको कानूनी आधार वा वैधता नभएर नै हो। महत्त्वपूर्ण निर्णयहरू गर्दा महान्यायाधिवक्ताको राय सल्लाह लिने परिपाटी बसाल्न सकेमा सुशासन र कानूनी राजको सुदृढीकरणमा नै बल पुग्न जान्छ। यस दिशातर्फ यहाँहरूको भूमिकालाई अरु फराकिलो पार्न पनि यो सम्मेलनले बिचार गरोस् भन्ने मेरो आग्रह छ।

समाजको परिवर्तनशील स्वभावसँगसँगै मानिसका व्यवहार र आचरणमा पनि परिवर्तन हुने र यसको प्रत्यक्ष प्रभाव अपराधमा समेत पर्न जाने हुन्छ। समाजमा हिजो घट्ने अपराधभन्दा आज घट्ने अपराधको विषय, प्रकृति र तौर तरीकामा व्यापक अन्तर आइरहेको छ। विवादको विषयको जटिलता हेरी न्यायमा विशिष्टीकरणको मान्यता विकसित भई हामीले समेत त्यसको अभ्यास प्रारम्भ गरिसकेका छौं। अपराधको विषयवस्तु र प्रकृतिअनुसार अनुसन्धान र अभियोजन प्रणालीलाई समेत समयसापेक्ष र प्रभावकारी बनाउन विषयगत ज्ञान, सीप र दक्षता अभिबृद्धि गर्नु अति आवश्यक छ। यसको लागि जनशक्ति विकास, संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधारको व्यवस्था गरी महान्यायाधिवक्ता र मातहत सरकारी वकील

कार्यालयहरूको सवलीकरण गर्नुपर्ने हुन्छ। व्यावसायिक निष्ठालाई कायम राख्दै यी विविध पक्षहरूमा गर्नुपर्ने सुधारतर्फ पनि यस सम्मेलनमा विचार विमर्श गरी निष्कर्ष निकाल्न सकियोस् भन्ने अपेक्षा राख्दछु।

नेपाल आज परिवर्तनको महत्त्वपूर्ण मोडमा उभिएको छ। संघीय संरचनामा आधारित लोकतान्त्रिक संविधान निर्माण गर्ने अवसरलाई सदुपयोग गर्नसके मुलुकलाई सम्मुन्नत दिशातर्फ डोऱ्याउन सकिने छ। त्यसैले यो विशिष्ट अवसरको महत्त्वलाई सवै पक्षबाट आत्मसात् गर्नु उत्तिकै आवश्यक छ। २०४६ सालको परिवर्तनपछि निर्मित तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले हाम्रो न्यायपालिकालाई अन्तर्राष्ट्रिय मान्यताअनुसार स्वतन्त्रता प्रदान गरी यस क्षेत्रकै उदाहरणीय न्यायपालिकाको रुपमा स्थापित गरेको थियो। वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ समेतले स्वतन्त्र न्यायपालिकाका आधारभूत मूल्यहरूलाई स्वीकार गरेको सन्दर्भमा भावी संविधानको निर्माण गर्दा समेत स्वतन्त्र न्यायपालिकाका स्थापित मूल्य मान्यताहरूको प्रत्याभूति गर्नेतर्फ सम्बद्ध सबैको ध्यान जानु आवश्यक छ।

न्यायपालिकाको स्वतन्त्रता, नागरिक हक अधिकार, मानवअधिकार, प्रेसस्वतन्त्रता र कानूनी राज जस्ता मूल्य मान्यताहरू लोकतन्त्रका आधारशीलाहरू हुन्। स्वतन्त्र न्यायपालिकाको अभावमा जस्तासुकै स्वतन्त्रताहरू पनि सुरक्षित हुन सक्तैनन्। न्यायपालिकाको स्वतन्त्रताको विषयलाई अन्य कुनै पनि मूल्यसँग दाँज्न मिल्दैन भन्ने मेरो दृढविश्वास मैले बारम्वार दोहोऱ्याउँदै आएको पनि छु। स्वतन्त्र न्यायपालिकाकै एक महत्त्वपूर्ण सहयोगी एवं अवयवको रुपमा रहेको महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूको तहबाट समेत न्यायपालिकाको स्वतन्त्रताको रक्षाका लागि संगठित पहल गर्नु अति आवश्यक छ भन्ने मलाई लाग्दछ।

देशमा भएका महत्त्वपूर्ण परिवर्तन सँगसँगै न्यायपालिकाप्रतिका जनअपेक्षाहरू पनि बढ्दै जानु स्वाभाविक हुन्छ। तर उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, विद्यमान ऐन कानून र समग्र परिवेशको परिप्रेक्ष्यमा नै न्यायपालिकाले आफ्नो काम कारवाहीलाई सञ्चालन गर्ने हो। यस क्रममा देखापर्ने केही कमी कमजोरीका आधारमा स्वतन्त्र न्यायपालिकाको औचित्यमै प्रश्न उठ्ने गरी कहिँ कतैबाट पनि व्यवहार गरिनु हुँदैन। न्यायपालिकाभित्रका कमी कमजोरी सुधार गरी **"विकृतिविहीन न्यायपालिकाको विकास"** गर्ने अभियान नै हाल सञ्चालन भइरहेको छ। मैले आफ्नो कार्यकालमा यस अभियानको पूर्ण कार्यान्वयन गरी छिटोछरितो, कम खर्चिलो, प्रभावकारी एवं निष्पक्ष न्यायसम्पादन गर्ने कार्यप्रति सम्पूर्ण ध्यान लगाएको पनि छु। सरकारी वकीलहरूबाट समेत यस अभियानप्रति पूर्ण सहयोगको अपेक्षा राख्दै आफ्नो पेशागत मर्यादा, व्यावसायिक दक्षता, आचरण र निष्ठा कायम गर्ने कुरामा यस सम्मेलनले विशेष जोड दिनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, संविधानप्रदत्त न्यायसम्वन्धी हकको सम्मान, अपराध पीडितहरूको हकहितको विषयप्रतिको संवेदनशीलता र दण्डहीनताको अन्त्य लगायत फौजदारी न्याय प्रशासनका विविध पक्षहरूमा सम्मेलन अवधिभर व्यापक छलफल र विचार विमर्श गरी व्यावसायिक दक्षता र संस्थागत विकासका लागि भावी दिनहरूमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूले आफ्नो भूमिकालाई अझ सुदृढ गर्न यो सम्मेलनबाट सहयोग पुगोस् भन्ने हार्दिक अपेक्षा गर्दै यस सम्मेलनको पूर्ण सफलताको कामना समेत गर्दछु। यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू र सहभागी मित्रहरूलाई पुनः एकपटक धन्यवाद दिँदै बिदा हुन चाहन्छु।

**धन्यवाद !**

## सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले नेपाल बार एशोसिएशन कार्यकारिणी परिषद्को ३४ औं बैठकको उद्घाटन सत्रमा दिनु भएको मन्तव्य

**यस कार्यक्रमका अध्यक्षज्यू,**
**व्यवस्थापिका संसदका सम्माननीय सभामूखज्यू,**
**माननीय कानून तथा न्याय मन्त्रीज्यू,**
**न्याय परिषदका माननीय सदस्यज्यू,**
**नेपाल बार एशोसिएशनका पदाधिकारीज्यूहरू,**
**वरिष्ठ अधिवक्ताज्यूहरू,**
**सर्वोच्च अदालत बार एशोसियशनका अध्यक्षज्यू,**
**नेपाल बार एशोसिएशनका सबै पार्षदज्यूहरू,**
**कार्यक्रममा उपस्थित विशिष्ट अधिकृतज्यूहरू,**
**पत्रकार वन्धुहरू तथा उपस्थित भद्र महिला एवं सज्जनवृन्द !**

सर्वप्रथमतः दोलखाको यो सुन्दर नगरीमा नेपाल बार एशोसिएशनद्वारा आयोजित पार्षदहरूको राष्ट्रिय सम्मेलनमा प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी सम्मेलनको उद्घाटन र मन्तव्यसमेत व्यक्त गर्ने अवसर दिनु भएकोमा आयोजक नेपाल बार एशोसिएशनलगायत सम्पूर्ण पार्षद साथीहरूप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मुलुक अहिले गम्भीर संक्रमणबाट ग्रुजिरहेको छ । समाजका पुरातन मूल्य र मान्यताहरू प्रतिस्थापन हुँदै गइरहेका तर नयाँ मूल्य र मान्यताहरूले संस्थागत स्वरुप पाई सकेको आजको संक्रमणकालीन अवस्थामा सबै पेशा, व्यवसाय, समुदाय र निकायहरू प्रभावित हुनु अस्वाभाविक होइन । समग्र शान्ति प्रक्रियाको व्यवस्थापन प्रभावकारी ढंगबाट गरी जनचाहनाअनुरुपको नयाँ संविधानमार्फत मुलुकलाई हालको अन्यौलपूर्ण स्थितिबाट सुरक्षित अवतरण गराउने दिशामा सबैले आ-आफ्नो ठाउँ र क्षेत्रबाट सक्दो योगदान पुऱ्याउनु पर्ने बेला आएको छ । शान्ति प्रक्रिया र संविधान निर्माणको लक्ष्य नै अन्योलमा परिरहेको हालको परिस्थितिमा, **"शान्ति र संविधान, नेपाल बारको अभियान"** भन्ने मूल नाराका साथ सम्पन्न हुन गइरहेको नेपाल बार एशोसिएशनका पार्षदहरूको यो राष्ट्रिय सम्मेलन अत्यन्त समसामयिक र महत्त्वपूर्ण छ । यस सम्मेलनको माध्यमबाट शान्ति प्रक्रियाको सार्थक निष्कर्ष र संविधान निर्माणको दिशामा सम्बद्ध पक्षलाई पुनः एकपटक खबरदारी गर्न नेपाल बार एशोसिएशन सफल हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

वास्तवमा नेपाल बार एशोसिएशन कानून व्यवसायीहरूको एउटा पेशागत संगठनको रुपमा रहे पनि यसको भूमिका त्यसैमा मात्र सीमित छैन । नेपालमा लोकतन्त्र, मानवअधिकार र कानूनी राज्यको अवधारणाको संरक्षण र सम्वर्द्धनका लागि नेपाल बार एशोसिएशनले निभाइआएको भूमिका प्रशंसनीय रहिआएको छ । संविधानवादका आदर्शहरू एवं न्यायका शाश्वत मूल्य र मान्यतामाथि आँच पुऱ्याउने जुनसुकै कदमहरूका विरुद्धमा नेपाल बार एशोसिएशनले सदा खबरदारी गरिआएको छ । विगतमा संविधान एवं सर्वमान्य न्यायिक मूल्य र मान्यताहरू माथि आघात पार्ने गरी भएका जस्तासुकै प्रयास वा विधिको शासनमाथि भएका सबै खाले आक्रमणका विरुद्धमा नेपाल बार एशोसिएशनले नेतृत्वदायी मोर्चा नै सम्हालेको थियो । यसका लागि नेपाल बार एशोसिएशनको नेतृत्वलगायत सम्पूर्ण बार एशोसिएशन परिवारप्रति म हार्दिक धन्यवाद दिन चाहन्छु । मुलुकको जागरुक र विद्वत व्यक्तिहरूको साझा संगठन भएका नाताले मुलुकमा घट्ने समसामयिक घटनाहरूप्रति गम्भीर सरोकार र चासो व्यक्त गर्नु यसको कर्तव्य पनि हुन आउँछ भन्ने लाग्दछ ।

मुलुक संक्रमणकालबाट गुज्रिरहेको वर्तमान अवस्थामा न्यायिकक्षेत्रमा पनि अनेकन चुनौतीहरू उपस्थित हुनु स्वाभाविक छ । तर, संक्रमणकाल हाम्रो लागि एउटा अवसर पनि हो । यसले विभिन्न चुनौतीहरूका साथसाथै अनेकौं सम्भावनाहरू पनि खुल्ला गरिरहेको हुन्छ ।

अपेक्षाकृत स्थायी र स्थापित मूल्य एवं मान्यताको आधारमा चल्ने संस्था भएकोले न्यायपालिकाले संक्रमणकालको यो घडीमा पनि आफ्नो संवैधानिक दायित्वलाई न्यायका शाश्वत मूल्य र मान्यताको आधारमा निरन्तर कायम राखिराख्न सकेको छ। आत्मसंयम, सुझबुझ र रचनात्मक दृष्टिकोणमार्फत् यसले कानूनी राज्यको लागि यथासम्भव निश्चित, व्यवस्थित र भरपर्दो दिशा दिन सकेको छ। यस कार्यमा बारको पनि उत्तिकै भूमिका छ। त्यसैगरी भविष्यमा देखा पर्नसक्ने जुनसुकै विषम परिस्थितिमा पनि न्यायको दीपलाई अखण्ड रुपमा बाली राख्नसक्ने क्षमता, दृष्टिकोण र तत्परता तपाई हामीसँग छ भन्ने मलाई लाग्दछ। हाम्रो न्यायपालिकाले अत्यन्त विषम परिस्थितिमा पनि नागरिकका हक अधिकारहरूको संरक्षण गरी संवैधानिक सर्वोच्चता र कानूनी राज्यको स्थापना गर्ने दिशामा खेलेको अदम्य भूमिकाको समुचित मूल्याङ्कन हुन सकेन भने न्यायपालिकाको स्वतन्त्रताको महत्त्वलाई बुझ्न नसकेको ठहरिने छ।

अहिले हामी मुलुकमा भएको ऐतिहासिक जनआन्दोलनपछि प्राप्त लोकतन्त्रलाई संस्थागत गर्ने प्रक्रियामा छौं। नागरिक स्वतन्त्रता, मानवअधिकार, प्रेस स्वतन्त्रता र कानूनको शासन लोकतान्त्रिक प्रणालीका आधारभूत मान्यताहरू हुन् भने यी मान्यताहरूको स्थापनाका लागि अत्यावश्यक पूर्वशर्त स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना नै हो। स्वतन्त्र न्यायपालिकाको अभावमा लोकतान्त्रिक प्रणालीलाई सुदृढ, दिगो र चिरस्थायी बनाउने कल्पना गर्न सकिँदैन। कुनै मुलुक कति लोकतान्त्रिक छ भन्ने कुराको परीक्षण गर्ने एउटा मापदण्डको रुपमा त्यहाँको न्यायपालिका कति स्वतन्त्र र सक्षम छ भन्ने कुरालाई आधार मान्ने विश्वव्यापी प्रचलन रहेको छ। यसको एउटा ज्वलन्त उदाहरणको रुपमा काउन्सील अफ युरोपद्वारा सदस्यता प्रदान गर्ने प्रणालीलाई लिन सकिन्छ। काउन्सील अफ युरोपको सदस्य बन्न कुनै मुलुक युरोपीयन भएर मात्र पुग्दैन, त्यसले प्रजातन्त्र, मानवअधिकार, विधिको शासन र स्वतन्त्र न्यायपालिकाका आधारभूत मान्यताहरूलाई परिपालना गरेको पनि हुनुपर्ने गरी मापदण्ड निर्धारण भएको र यही मापदण्ड पूरा नगरेका कारणले धेरै वर्षअघिदेखि सदस्य बन्न चाहेर पनि बेलारुसले काउन्सील अफ युरोपको सदस्यता पाउन सकेको छैन। गत वर्ष मसहित बारका साथीहरूबाट फ्रान्सको स्ट्रासवर्गस्थित काउन्सील अफ युरोपको भ्रमण गर्दा यससम्बन्धी प्रत्यक्ष जानकारी हासिल गर्ने अवसर प्राप्त भएको थियो।

अहिलेको युगमा लोकतन्त्र भन्ने कुरा कुनै एक राजनीतिक दल वा मुलुक विशेषको मात्रै छुट्टै निजी विषय हुन सक्तैन। यसलाई विश्व परिवेशबाट अलग राखी निरपेक्ष परिभाषा गर्न पनि सकिदैन। यसका विश्वव्यापी सारभूत मान्यताहरू छन् र हामीले पनि लोकतन्त्रलाई यिनै मान्यताहरूका सन्दर्भमा बुझ्नु पर्दछ। हामीले अत्याधुनिक लोकतन्त्रको स्थापनाको कुरा गर्दा लोकतन्त्रलाई संस्थागत गर्ने पूर्वशर्तको रुपमा संसारले मानिआएको स्वतन्त्र न्यायपालिकाको स्थापनाको विषयमा कति इमान्दार प्रयास गरेका छौं भन्ने कुराको आत्ममूल्याङ्कन गर्नु जरुरी छ। हामी के नबिर्सौं भने न्यायिक स्वतन्त्रता न्यायाधीशहरूको आफ्नो सुरक्षाको लागि नभई जनताको हक अधिकारको रक्षाको लागि हो।

न्यायपालिका त्यस्तो शक्तिशाली निकाय पनि होइन जोसँग आर्थिक र सैनिक शक्ति होस्। सधैं विनम्रता यसको चरित्र हुन्छ, कानून यसको आधार हुन्छ र जनसाधारणको विश्वास नै यसको एकमात्र शक्ति हुन्छ। अमेरिकी न्यायाधीश फेलिक्स फ्र्याङ्कफर्टरको भनाइ यहाँ राख्न चाहन्छु - "Judicial independence is not designed to benefit an individual judge, or even the judiciary as a body. It is designed to protect the people." एउटा व्यक्तिको रुपमा न्यायाधीश आउँछ जान्छ, तर न्यायपालिका अविचलित रुपमा निरन्तरका लागिरहने संस्था हो। व्यक्तिको रुपमा कुनै न्यायाधीश खराब पनि हुन सक्ला, तर व्यक्तिगत कमी कमजोरीलाई सिंगो सँस्थासंग जोडेर संस्थाको रुपमा न्यायपालिकाको अवमूल्यन गर्‍यौं

भने त्यो एउटा ठूलो ऐतिहासिक गल्ती सिवाय अरू केही हुने छैन ।

अहिले म संविधानसभाको न्याय प्रणाली समितिद्वारा प्रस्तावित भावी न्यायपालिकाको संरचना र अधिकारक्षेत्रको विषयमा यहाँहरूलाई गम्भीर भएर सोच्न आग्रह गर्दछु । प्रस्तावित स्वरुपमै न्यायपालिकाको संरचना र अधिकारक्षेत्र कायम गरिएमा स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यताहरू सुरक्षित हुन सक्तछन् या सक्तैनन् भन्ने कुरामा समयमै स्पष्ट हुन जरुरी छ । स्वतन्त्र न्यायपालिकाको जगमा मात्रै खरो उत्रिन सक्ने कानून व्यवसायीहरूको साझा संगठनको रुपमा रहेको नेपाल बार एशोसिएशनले न्यायपालिकाको स्वतन्त्रताको पक्षमा सम्झौताहीन अडान राख्नु पर्दछ भन्ने मलाई लाग्दछ । म यो आव्हान किन गरिरहेको छु भने न्यायिक स्वतन्त्रताको महत्त्वलाई सत्ता र शक्तिमा रहँदाको दृष्टिले होइन, निरंकुशताको चपेटामा पिल्सिनु परेको एउटा सामान्य नागरिकको स्तरबाट हेर्नु र बुझ्नु आवश्यक छ । नागरिक स्वतन्त्रतामाथि कालो बादल मडारिइरहेको अवस्थामा अन्तिम आस्थाको केन्द्रको रुपमा र अन्तिम आश्रयस्थलको रुपमा यही एउटा न्यायपालिका मात्र रहनेछ । यस तथ्यलाई हाम्रो आफ्नै विगतले पनि पुष्टि गरिरहेको छ । यस वास्तविकतालाई नजरअन्दाज गरी न्यायपालिकाको स्वतन्त्रताको विषयमा कतैबाट पनि सम्झौता गरिनु हुन्न भन्ने कुरामा म पुनः जोड दिन चाहन्छु ।

विगतमा राजनीतिक दलहरू बीच भएको १२ बुँदे समझदारी र विस्तृत शान्ति सम्झौता समेतमा लोकतान्त्रिक पद्धति, कानूनको शासन एवं स्वतन्त्र न्यायपालिकाको मान्यताप्रति प्रतिबद्धता जाहेर भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ मा समेत स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यतालाई आत्मसात् गरिएको छ । भविष्यमा मुलुक संघीय संरचनामा प्रवेश गर्ने निश्चित भएको स्थितिमा न्यायपालिकाको स्वतन्त्रताको विषय झन् महत्त्वपूर्ण हुन आएको छ । संघीय व्यवस्थामा राज्यका अंगहरू र संघीय एकाइहरू बीचको शक्ति सन्तुलन र नियन्त्रणको दृष्टिकोणबाट स्वतन्त्र र शक्तिशाली न्यायपालिका अपरिहार्य हुन्छ ।

मैले यहाँहरू समक्ष स्वतन्त्र न्यायपालिकाको पक्षमा बोलिरहँदा न्यायिक निरंकुशता वा उत्तरदायित्वविहीन न्यायपालिकाको वकालत गरेको पक्कै होइन । स्वतन्त्र न्यायपालिकाको अर्थ उत्तरदायित्वविहीन र स्वच्छन्द न्यायपालिका होइन भन्ने कुराप्रति पनि हामी उत्तिकै सचेष्ट छौं । तर न्यायिक उत्तरदायित्वका आफ्नै मान्यताहरू छन् । प्रचलित संविधान, ऐन कानून र न्यायका मान्य सिद्धान्तहरू यसका परिसीमाहरू हुन् र यिनै परिसीमाका आधारमा न्यायिक उत्तरदायित्वको खोजी र मूल्याङ्कन गरिनु पर्दछ भन्ने मलाई लाग्दछ । न्यायिक जवाफदेहिताको नाममा न्यायपालिकालाई राज्यको अर्को कुनै निकाय मातहत राख्ने सोचको राजनीतिक तर्क त हुन सक्ला, तर त्यसबाट संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक पद्धतिको लागि कुनै बल पुग्न सक्तैन ।

पछिल्ला दिनहरूमा न्यायिक काम कारवाहीमा पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गरी न्यायपालिकाप्रति जनताको आस्था र विश्वास अभिवृद्धि गर्ने उद्देश्यले समग्र न्यायपालिकाको सुधार प्रक्रियालाई रणनीतिक हिसाबले नै अगाडि बढाउने प्रयास भएका छन् । अहिले हामीले न्यायपालिकाबाट प्रदान गरिने सेवाको स्तर बढाउन हरेक अदालत, न्यायाधीश र कर्मचारीको कार्यसम्पादन मापदण्ड निर्धारण गरेका छौं । प्रत्येक काम कारवाहीको नतिजा परिसूचकहरू तोकी नियमित अनुगमनको लागि प्रभावकारी संयन्त्र पनि बनाएका छौं । सम्पूर्ण न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनमार्फत न्यायाधीशहरूको आचारसंहिता ग्रहण गरी त्यसको नियमित अनुगमन पनि भइरहेको छ ।

न्यायपालिकामा विद्यमान रहेका कमी कमजोरीहरू सुधार गरी **"विकृतिविहीन न्यायपालिकाको विकास"** गर्ने लक्ष्यका साथ तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूबाट मेरै संयोजकत्वमा एक अध्ययन कार्यदल गठन भई न्यायपालिकाका विकृति

विसंगतिको बारेमा विस्तृत अनुसन्धान गरी प्रतिवेदन समेत पेश गरिसकेको छ । सो प्रतिवेदनले न्यायपालिकाका कमी कमजोरी र विसंगतिका विविध स्वरुप र त्यसका कारक तत्वहरू समेत पहिल्याई सुधारका लागि विस्तृत सुझाउहरू पनि दिएको छ । साथै उक्त प्रतिवेदनमा न्यायपालिकाको नेतृत्व तह ठीक रहेसम्म न्यायपालिकाभित्रका धेरै कमी कमजोरीहरू समाप्त भएर जाने निष्कर्ष समेत दिइएको छ । प्रधान न्यायाधीशको हैसियतमा न्यायपालिकाको नेतृत्व सम्हाल्ने अवसर हाल मैले प्राप्त गरेको हुँदा सो प्रतिवेदन पूर्ण कार्यान्वयन गराउनु मेरो नैतिक दायित्व नै हुन्छ । मैले आफ्नो कार्यकालमा न्यायपालिकामा रहेका कमी कमजोरी, विकृति र भ्रष्टाचारका गुनासाहरूलाई सम्वोधन गरी न्यायपालिकालाई विकृति र विसंगतिविहीन संस्थाको रुपमा विकसित गर्ने दृढ अठोट राखी मेरो सम्पूर्ण ध्यान त्यसैतर्फ केन्द्रित गरिरहेको पनि छु । यस अभियानमा नेपाल बार एशोसिएशनको सामूहिक सहयोगको समेत अपेक्षा गरेको छु । हामीहरूको सामूहिक प्रयासबाट न्यायपालिकाभित्रका कमी कमजोरीहरूलाई सुधार गरी छिटो छरितो, निष्पक्ष र प्रभावकारी न्यायसम्पादनमा उल्लेख्य सफलता मिल्नेछ भन्ने आशा गर्न सकिन्छ ।

निश्चित रुपमा न्यायिक सुधारको प्रक्रियालाई वाञ्छित गतिमा अगाडि बढाउन न्यायपालिकाको एक्लो प्रयास पर्याप्त हुँदैन । खास गरेर यहाँहरू जस्ता चेतनशील र जिम्मेबार वर्गबाट न्यायपालिकाले सँधै सहकार्य र सहयोगको अपेक्षा गरेको हुन्छ । न्यायसम्पादनको कार्यमा मात्र होइन, समग्र संवैधानिक प्रणालीको तर्जुमा र कार्यान्वयनमा यहाँहरूको संगठित आवाज, व्यावसायिक इमानदारीता, निष्ठा र क्षमताको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने मेरो मान्यता रहेको छ ।

हालका वर्षमा हामीले हाम्रो कार्यसम्पादनमा जुन सकारात्मक प्रवृत्तिहरू देख्न पाएका छौं, त्यसमा सम्बद्ध बार र कानून व्यवसायीहरूबाट प्राप्त सहयोगको त्यत्तिकै योगदान रहेको छ । बार र वेञ्चका रुपमा हाम्रा भूमिकाहरू फरक हुन सक्लान्, तर हाम्रो गन्तव्य छिटोछरितो, निष्पक्ष र प्रभावकारी न्याय नै हो । त्यसैले न्यायपालिकाको स्वतन्त्रता तथा यसको सफलता र असफलताको प्रश्न बार र बेञ्च दुवैको साझा सरोकारको विषय हो । न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित भएन भने नेपाल बार एशोसिएशन र विद्वान कानून व्यवसायीहरूको भूमिका पनि सुनिश्चित हुन सक्तैन । बार सफल भएर न्यायपालिका मात्र असफल हुने अथवा न्यायपालिका सफल भएर बार असफल हुने दुवै कुरा सोंच्न सकिँदैन । बार अदालतको सहकर्मी भएको हुँदा यसले स्वतन्त्र न्यायपालिकाको रक्षाकवच र प्रवक्ताको रुपमा समेत आफ्नो भूमिका खेल्नु पर्ने हुन्छ । यसको लागि हामीबीचको आपसी सहयोग र सहयात्रालाई अझ फराकिलो बनाउनु आवश्यक हुन्छ । हाम्राबीचमा कुनै असमझदारी वा गुनासाहरू रहेका भए हामीसँगै बसेर खुल्ला हृदयले छलफल गरेर तिनको निराकरण गर्न सक्तछौं । यसको लागि आपसी संवाद, समझदारी र सहकार्यलाई घनिभूत बनाउन म यहाँहरू सबैसँग हार्दिक आव्हान समेत गर्न चाहन्छु । संवाद, समझदारी र सहकार्यको संस्कृतिले नै सबै खाले समस्या र चुनौतीहरूलाई सम्वोधन गर्न सकिन्छ । यसबाटै हाम्रो लक्ष्य, पेशागत मर्यादा र व्यावसायिक भविष्य समेत सुनिश्चित भई स्वतन्त्र न्याय प्रणाली र मर्यादित बारको स्थापना गर्न हामी सक्षम हुनेछौं ।

अन्त्यमा **"शान्ति र संविधान, नेपाल बारको अभियान"** भन्ने मूल नाराका साथ हुन गइरहेको यो सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु । यस सम्मेलनले मुलुकको संवैधानिक विकास र कानूनी राज्यको सुदृढीकरणमा महत्त्वपूर्ण योगदानसमेत दिन सकोस् भन्ने शुभेच्छा पनि प्रकट गर्न चाहन्छु । यस भव्य समारोहमा मलाई आमन्त्रण गरी आफ्नो मन्तव्य राख्ने अवसर समेत दिनु भएकोमा पुनः एक पटक आयोजक मित्रहरू प्रति धन्यवाद व्यक्त गर्दै विदा हुन्छु ।

**धन्यवाद !**